# कक्षा छको हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको तुलना

कुमार प्रधान

त्रि.वि.दर्ता नं.–७०२१–८७

परीक्षा क्रमाङ्क–२०४०१३५/२०६६

नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निम्ति प्रस्तुत शोधपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

सन् २०१६ (२०७२)

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका–३, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

च.नं.

प.सं.

मिति :............................

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनका निमित्त कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका विद्यार्थी कुमार प्रधानले प्रस्तुत *कक्षा छको हाम्रो नेपाली किताब र नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको तुलना* शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । शोधार्थीद्वारा निकै परिश्रमपूर्वक तयार गरिएको यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

सहप्रा. जीवनाथ सुवेदी

शोध निर्देशक

नेपाली शिक्षा विभाग

मिति : २०७२ असोज १५

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापाबाट स्नातकोत्तर दोस्रो वर्षको नेपा.शि ५९८ पाठ्यांशको प्रयोजनका निमित्त शोधार्थी कुमार प्रधानद्वारा तयार पारिएको *कक्षा छको हाम्रो नेपाली किताब र नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको तुलना* शीर्षकको प्रस्तुत शोधपत्र नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर उपाधिका निमित्त उपयुक्त ठहरिएकाले आवश्यक मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

..............................

(सहप्रा. जीवनाथ सुवेदी )

शोध निर्देशक

..............................

(डा. दुर्गाप्रसाद दाहाल )

उपप्राध्यापक

बाह्य परीक्षक

..............................

उपप्रा. विष्णुप्रसाद कोइराला

विभागीय प्रमुख

मिति : २० फेब्रुअरी २०१६ (२०७२/११/०८)

# प्रतिबद्धता-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तहको नेपाली भाषा शिक्षा ५९८ पाठ्यांशको परिपूर्ति प्रयोजनका लागि 'कक्षा ६ को हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ को तुलनात्मक अध्ययन' शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा विशद तथा गहन अध्ययन गरी तयार पारेको हुँ । यसमा भएका तथ्य सबै प्रामाणिक हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा म कानुन अनुसार दण्डित हुन तयार छु ।


कुमार प्रधान

शोधार्थी

स्नातकोत्तर दोस्रो वर्ष

त्रि.वि.दर्ता नं.–७०२१–८७

नेपाली शिक्षा विभाग

कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आवश्यकता परिपूर्ति प्रयोजनार्थ प्रस्तुत *कक्षा  छको हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको तुलना* शीर्षकको शोधपत्र श्रद्धेय गुरु सहप्राध्यापक जीवनाथ सुवेदीज्यूको निर्देशनमा तयार पारिएको हो । नवीन शीर्षक र चुनौतीपूर्ण कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न रचनात्मक सहयोग गर्दै शुद्ध मन, कर्म र व्यवहारले सर सल्लाह र निर्देशन गरी अमूल्य समय खर्चिनु हुने विद्वान् गुरुज्यूलाई सर्वप्रथम हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्न उपयुक्त वातावरण सिर्जना गर्दै उचित प्रशासनिक सहयोग गरी विभागीय स्वीकृति प्रदान गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख उपप्राध्यापक विष्णुप्रसाद कोइरालाज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यस शोध कार्यको थालनीदेखि अन्त्यसम्म चासो दिएर विशेष हौसला र सहयोग गर्नुहुने श्रद्धेय गुरु एवम् क्याम्पस प्रमुख श्री टंकबहादुर कार्कीज्यूप्रति नतमस्तक नै छु । साथै यो मेरो अनुसन्धानका सिलसिलामा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने यस क्याम्पसको नेपाली विभागका सम्पूर्ण गुरु वर्ग तथा कर्मचारी वर्गमा समेत हार्दिक आभार प्रकट गर्दछु ।

त्यसै गरी यस शोध कार्यमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने यहाँ प्रयोग भएका सम्पूर्ण सन्दर्भ ग्रन्थका लेखक तथा शोध कर्ताहरुप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । अन्त्यमा यो शोध पत्र तयार गर्न सहयोग गर्नु हुने मेरा शुभेच्छुक मित्रहरु र चाँडो भन्दा चाँडो टाइप गरी प्रिटिङ्ग गरी व्यावहारिक सहयोग गर्नुहुने पौड्याल कम्प्युनिकेशनका साथीहरुमा हार्दिक धन्यवादन दिन चाहन्छु ।

कुमार प्रधान

शोधार्थी

स्नातकोत्तर दोस्रो वर्ष

नेपाली शिक्षा विभाग

कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

# शोधसार

*कक्षा छको हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको तुलना* शीर्षको शोधपत्रमा भाषा पाठ्यपुस्तकको अध्ययन तथा विश्लेषण गर्दा अपनाइने सिद्धान्तकाका आधारमा हाम्रो नेपाली किताब कक्षा ६ र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ को तुलनात्मक अध्ययन तथा विश्लेषण गरी तिनीहरुबिच तुलनात्मक अध्ययन पनि गरिएको छ । यस शोधपत्रको उद्देश्य अन्तर्गत आन्तरिक र बाह्य विशेषताका आधारमा हाम्रो नेपाली किताब कक्षा ६ र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ को अध्ययन गर्नु, उक्त भाषा पाठ्यपुस्तकहरुमा रहेका सबल र दुर्बल पक्षहरु केलाउनु, उक्त भाषा पाठ्यपुस्तकमा रहेका कमी कमजोरीहरु पत्ता लगाउनु, दुबै भाषा पाठ्यपुस्तकबिच तुलनात्मक अध्ययन गरी निष्कर्ष र सुझाव दिनु रहेको छ ।

गुणात्मक विधिअन्तर्गत ग्रन्थ विश्लेषण विधि, पुस्तकालय विधि तथा तुलनात्मक विधिको प्रयोग गरी यो शोधकार्यलाई अन्तिम रूप दिइएको छ । तथ्याङ्कलाई तालिकीकरण समेत गरी स्पष्ट पार्ने प्रयास गरिएको छ । त्यसका साथै भाषा पाठ्यपुस्तकका विद्वान्, बुद्धिजीवी, लेखक तथा सरोकारवालाहरुको परामर्शलाई पनि यस शोधकार्यको आधार मानिएको छ ।

भाषा पाठ्यपुस्तक निर्माण सिद्धान्तका आधारमा निर्धारित भाषा पाठ्यपुस्तकको तुलनात्मक विश्लेषण गरिएको यस अनुसन्धानबाट हाम्रो नेपाली किताब कक्षा ६ को केही विषयवस्तु बालबालिकाको अनुभव र वातावरणीय क्षेत्रबाट लिइएको देखिँदैन । उक्त सिद्धान्तका आधारमा विश्लेष्य पाठ्यपुस्तकहरुका बाह्य तथा आन्तरिक पक्षको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । त्यस्तै नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा पनि केही विषयवस्तु जटिल र बोझिला रहेपनि केही विषयवस्तु बालबालिकाको अनुभव, क्षेत्र र वातावरणबाट लिइएको छ । नयाँ नेपाली भाषा पाठ्यपुस्तक हाम्रो नेपाली किताबभन्दा बढी अभ्यासमूलक हुनु, कार्यमूलक व्याकरण जस्तो व्याकरणको अभ्यास राखिनु, वर्तमान समयमा सान्दर्भिक शङ्खधर साख्वाँ र लुइपाश्चर जस्ता व्यक्तित्वको जीवनी पुस्तकामा राखिनु यस पुस्तकका सकारात्मक पक्षहरु देखिन्छन् । हाम्रो नेपाली किताब कक्षा छका केही पाठहरु जस्तो हिमालजस्ता प्रबन्धहरुमा, विम्बात्मक, प्रतीकात्मक र आलङ्कारिक भाषाको प्रयोग भएको छ भने तुलनात्मक रूपमा नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छमा प्रयोग भएका भाषा सरल प्रकृतिको रहेको छ ।

दुबै भाषा पाठ्यपुस्तकमा छपाइमा केही अस्पष्टता छ भने बँधाइमा धागोको प्रयोग गरिएको छैन । आकारका दृष्टिले दुबै भाषा पाठ्यपुस्तक समान जस्तै नै रहेका छन् । मुखावरण पृष्ठ र अन्त्यावरण पृष्ट दुबै भाषा पाठ्यपुस्तकको उस्तै नै देखिन्छ । नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा प्रयोग भएको कागज केही चिल्लो र सफा भए पनि पातलो कमसल प्रकृतिको देखिन्छ ।

समग्रमा दुवै भाषा पाठ्यपुस्तकहरु महत्तवपूर्ण र उपयोगी रहेका छन् भने धेरै सबल पक्ष हुँदा हुँदै पनि केही दुर्बल पक्ष पनि रहेको निष्कर्ष निकालेर आवश्यक सुझावहरु दिइएको छ । हाम्रो नेपाली किताब कक्षा ६ भन्दा नयाँ नेपाली भाषा पाठ्यपुस्तक अभ्यासमूलक व्यवहारिक र भाषा शिक्षणका लागि बढी प्रयोगमूलक रहेको निष्कर्ष निकालिएको छ ।

# विषयसूची

| शीर्षक | पेज नं. |
| --- | --- |
| प्रतिबद्धता | क |
| कृतज्ञता ज्ञापन | ख |
| शोधसार | ग |

अध्याय एक

परिचय

| | |
| --- | --- |
| विषय परिचय | १ |
| समस्या कथन | २ |
| उद्देश्य | २ |
| अध्ययनको औचित्य/महत्तव | ३ |
| अध्ययनको परिसीमा | ३ |
| शोधपत्रको रूपरेखा | ४ |

अध्याय दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

| | |
| --- | --- |
| पूर्वकार्यको समीक्षा | ५ |
| अध्ययनमा पूर्वकार्यको उपयोगिता | १० |
| सैद्धान्तिक पर्याधार | ११ |
| भाषा पाठ्यपुस्तकको सैद्धान्तिक परिचय | ११ |
| भाषा पाठ्यपुस्तकको अध्ययन र विश्लेषणका आधारहरु | १२ |
| अध्ययनमा सैद्धान्तिक अवधारणाको सम्बन्ध | १७ |

## अध्याय तिन

## अनुसन्धान विधि


अनुसन्धानात्मक ढाँचा १८

तथ्याङ्क सङ्कलनको स्रोत तथा विश्लेषण पद्धति १८


## अध्याय चार

## कक्षा छको हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको तुलना


हाम्रो नेपाली किताब कक्षा छको विश्लेषण २०

आन्तरिक पक्षको विश्लेषण २०

बाह्य पक्षको विश्लेषण २५

हाम्रो नेपाली किताब कक्षा छका सबल पक्षहरु २७

हाम्रो नेपाली किताब कक्षा छका दुर्बल पक्षहरु २८

नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको विश्लेषण २९

आन्तरिक पक्षको विश्लेषण २९

बाह्य पक्षको विश्लेषण ३३

नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छका सबल पक्षहरु ३५

नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छका दुर्बल पक्षहरु ३६

निर्धारित पाठ्यपुस्तकहरुको तुलनात्मक विश्लेषण ३७

विषय प्रवेश ३७

.आन्तरिक आधारमा दुवै भाषा पाठ्यपुस्तकको तुलनात्मक विश्लेषण ३७

बाह्य आधारमा दुवै भाषा पाठ्यपुस्तकको तुलनात्मक विश्लेषण ४३

## अध्याय पाँच

## उपसंहार

निष्कर्ष ४५

सुझाव ४७

पाठ्यपुस्तक निर्माण पक्ष ४७

भावी अनुसन्धान पक्ष ४९

सन्दर्भ ग्रन्थ सूची ५१

परिशिष्ट क. विश्लेषित पुस्तकहरुको आवरण पृष्ठको छाया प्रति अ

परिशिष्ट ख. शोधार्थीको व्यक्तिगत विवरण

# तालिका सूची


| तालिका सङ्ख्या | तालिका शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका सङ्ख्या ४.१ | विधागत पाठशीर्षक र सङ्ख्या | २२ |
| तालिका सङ्ख्या ४.२ | विधा र विधागत पाठशीर्षकहरु | ३० |
| तालिका सङ्ख्या ४.३ | विषयवस्तुको क्षेत्र | ३८ |
| तालिका सङ्ख्या ४.२ | विधागत विवरण | ४० |

# संक्षेपीकृत शब्दसूची

| संक्षिप्त रूप | पूर्ण रूप |
| --- | --- |
| क्र.स. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| नेपा.शि. | नेपाली शिक्षा |
| ने.भा.शि.वि. | नेपाली भाषा शिक्षा विभाग |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| बृ.ने.श. | बृहत नेपाली शब्दकोश |

# अध्याय एक

# परिचय

## विषय प्रवेश

नेपाली भाषा सम्पर्क वा माध्यम र प्रशासनिक भाषाका रूपमा उपयोग हुँदै आएको छ । शिक्षण कार्यकलापमा नेपाली भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारओटा सीपहरु मध्ये सबै सीपको प्रयोग भइरहेको हुन्छ । यस सन्दर्भमा विद्यालयमा स्तरयुक्त पठन-पाठनका लागि स्तरीय पाठ्यक्रम र तदुरूप पाठ्यपुस्तक अनि प्रशिक्षित जनशक्ति एवम् सक्षम व्यवस्थापन हुनु पर्दछ । त्यसैले आधारभू शिक्षण सामग्री पाठ्यपुस्तक नै रहेको छ र त्यसलाई स्तरयुक्त बनाउनु नितान्त जरुरी रहेको छ ।

नेपालमा विद्यालयीय पठन पाठनका लागि पाठ्यपुस्तकलाई नै मूल शैक्षिक साधनका रूपमा प्रयोग गर्दै आइएको देखिन्छ । आज वैज्ञानिक किसिमका शैक्षिक सामग्रीहरुको प्रयोग गर्ने प्रचलन चलेपनि हाम्रो जस्तो अल्पविकसित देशमा पाठ्यपुस्तकलाई विकल्परहित साधनको रूपमा प्रयोग गर्ने गरेको पाइन्छ । विद्यार्थीका लागि कक्षा सामग्री शिक्षकका लागि शैक्षिक सामग्रीका रूपमा प्रयोग हुने यस्ता भाषा पाठ्यपुस्तकको प्रभावकारिका लागि खोजअनुसन्धान गरी युगानुकूल र यसपयुक्त प्रयोग तर्फ ध्यान दिनु महत्तवपूर्ण कार्य हुन्छ ।

प्राचीन कालमा औपचारिक शिक्षाको प्रारम्भ हुनुभन्दा अगाडि निश्चित पाठ्यक्रम र पाठ्यपुस्तकहरु थिएनन् तर बिस्तारै समयको गतिसँग सँगै गुरुकुल शिक्षाबाट विद्यालय शिक्षाको सुरुवात हुँदै जाँदा हस्तलिखित सामग्रीहरुसँगै मुद्रित सामग्रीहरु देखिन थाले । नेपालकै सन्दर्भमा हेर्ने हो भने वि.सं. १९५८ मा जयपृथ्वीबहादुर सिंहको "अक्षराङ्क शिक्षा" नामक पहिलो मुद्रित पाठ्यपुस्तक आएको देखिन्छ । समयको परिवर्तनसँगै नेपालमा धेरै विद्यालयहरु स्थापना हुँदै गए र त्यहाँ पठनपाठनका लागि पाठ्यपुस्तकहरु निर्माण भएर प्रयोग हुँदै आए । ती पाठ्यपुस्तक तत्कालीन सरकारको मातहतमा रहेकै संस्थाबाट प्रकाशित हुँदै आए र अहिले पनि नेपाल सरकारकै मातहतमा रहेको संस्थाबाट प्रकाशन गर्ने व्यवस्था छँदै छ ।

वर्तमान सन्दर्भमा पाठ्यपुस्तक भन्नाले कुनै निश्चित तहको विद्यार्थीहरुका लक्ष्य तय गरी तयार गरिएका पाठ्यपुस्तक भन्ने बुझिन्छ । यी पाठ्यपुस्तकहरु विद्यालय, महाविद्यालय एवम् विद्यापीठहरुमा विद्यार्थीहरुलाई औपचारिक शिक्षण गरिन्छ । पाठ्यपुस्तकहरु विद्यालयमा

औपचारिक रूपमा शिक्षण गरिने सामग्री भएकाले यसको प्रयोग र महत्तव दिनानुदिन बढ्दै गएको देखिन्छ ।

यसै सेरोफेरोमा एउटै कक्षाका लागि भनी प्रकाशित भएको कक्षा छको पुरानो हाम्रो नेपाली किताब र वर्तमान नेपाली भाषा पाठ्यपुस्तक विभिन्न सामुदायिक विद्यालयहरुमा पाठनपाठन भइरहेका छन् । यसरी एउटै तहमा रहेका उक्त दुबै पाठ्यपुस्तकको यो शोधपत्रमा तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । तसर्थ : यस शोधपत्रमा कक्षा छका उक्त दुबै पाठ्यपुस्तकहरु पाठ्यक्रम अनुरूप छनौट र स्तरणका बारेमा र भाषिक सीप विकासका लागि उपयोगी पक्षहरु समावेश भएनभएका सम्बन्धमा निर्क्योल गरी सरोकारवालालाई फाइदा पुग्ने वा सान्दर्भिक हुने उद्देश्य राखेर प्रस्तुत अध्ययन गरिएको छ ।

## समस्या कथन

शोध प्रयोजनको लागि समस्या कथन अत्यन्तै विशिष्ट कार्य हो । विद्यार्थीको रुचि, चाहना र समुदायको आवश्यकता अनुसार पाठ्यक्रम र पाठ्यपुस्तकको समय सापेक्ष सुधार गर्ने कार्य भइरहेपनि पाठ्यक्रंम र पाठ्यपुस्तकको बिचमा तालमेल भएको देखिदैन । यसको दृष्टान्तका रूपमा कक्षा ७ को वर्तमान नेपाली भाषा पाठ्यपुस्तक अन्तरर्गत साहित्यकार झमककुमारी घिमिरेको जीवनी पाठमा जन्म मिति फरक परेको घटनालाई लिन सकिन्छ । यस्ता कुराहरुलाई यो शोधपत्रमा प्रमुख रूपमा उठान गरिएको छ । प्रस्तुत अध्ययनमा निम्नलिखित समस्याहरु रहेका छन् :

क. उल्लेखित पाठ्यपुस्तकहरुमा आन्तरिक र बाह्य पक्षहरु के कस्ता रहेका छन् ?

ख. उक्त पाठ्यपुस्तकहरुमा के कस्ता सबल र दुर्बल पक्षहरु रहेका छन् ?

## उद्देश्य

यस अध्ययनका निम्नलिखित उद्देश्यहरु रहेका छन् :

क. भाषा पाठ्यपुस्तक अनुरूपताका आधारमा आन्तरिक र बाह्य रूपमा दुबै पाठ्यपुस्तकको तुलना गर्नु,

ख. पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा छको हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छका सबल र दुर्बल पक्ष पहिल्याउनु,

## अध्ययनको औचित्य र महत्तव

जुनसुकै देशको शिक्षानीति राष्ट्रको आवश्यकता र परिस्थितिलाई मध्यनजर गरी निर्माण गरिएको हुन्छ । त्यसै अनुरूप कक्षागत एवम् तहगत उद्देश्यहरु निर्माण गरी पाठ्यक्रम बनाइएको हुन्छ । उक्त पाठ्यक्रम अनुसार विद्यार्थीको रुचि, क्षमता, स्तर र पूर्वज्ञानलाई समेत मध्यनजर गरी पाठ्यपुस्तकहरु निर्माण गरिनु पर्दछ । असल पाठ्यसामग्रीले मात्र विद्यार्थीको गुणात्मक पक्षको विकास हुन सक्छ । भाषा शिक्षणको मुख्य उद्देश्य भनेको नै भाषाको विषयमा शिक्षण गर्नुमात्र नभएर भाषिक कुशलताको विकास गर्नु पनि हो । त्यसैले भाषा पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमको उद्देश्य अनुरूप शिक्षार्थीहरुलाई भाषिक सीप विकासमा दक्ष बनाउने खालको हुनु पर्दछ ।

प्राथमिक तह शिक्षाको जग भएको र त्यही तलमा टेकेर नि.मा.वि. तहमा सच्चरित्र निर्माण गर्ने उद्देश्य पाठ्यक्रमले राखेको देखिन्छ । असल पाठ्य सामग्रीले नै बालबालिकाको शिक्षाको जगलाई मजबुत बनाउन मद्दत गर्दछ । यसका लागि एकपटक निर्मित सामग्रीलाई समय समयमा अध्ययन अनुसन्धान र विश्लेषण गर्नु जरुरी छ । यस शोध कार्यले भाषा पाठ्यपुस्तक निर्मातालाई सामग्री सङ्कलनमा पक्कै सहयोग पुर्‍याउनेछ । अर्कोतर्फ सम्बन्धित विषयका विशेषज्ञलाई सुधार गर्न आधार उपलब्ध हुने देखिन्छ ।

## अध्ययनको परिसीमा

प्रस्तुत शोधपत्रको अध्ययन नि.मा.वि. तहको पाठ्यक्रममा आधारित भएर गरिएको छ । यो अध्ययन पुरानो *कक्षा छको हाम्रो नेपाली किताब* र वर्तमान *नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छ*को तुलनात्मक अध्ययन विश्लेषणमा आधारित रहेको छ । यसको अध्ययन असल भाषा पाठ्यपुस्तकमा हुनुपर्ने गुणका आधारमा गरिएको छ । प्रस्तुत शोध कार्य गर्दा आन्तरिक शैक्षिक पक्ष अन्तर्गत विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना शैली, शब्दभण्डार, नमूना अभ्यास, चित्र र बाह्य वा भौतिक पक्ष अर्न्तगत आवरण पृष्ठ, आकार, छपाइ, बँधाइ, कागजको स्तर र मूल्यलाई आधार बनाइएको छ । उक्त कुराको निरूपण गरी प्रस्तुत शोधपत्रको शीर्षक र उद्देश्य अनुरूप अन्तिम निष्कर्ष निकाएिको छ ।

# शोधपत्रको रूपरेखा

| | |
|---|---|
| अध्याय एक | : शोध परिच |
| अध्याय दुई | : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा |
| अध्याय तिन | : अनुसन्धान विधि |
| अध्याय चार | : कक्षा छको हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको तुलना |
| अध्याय पाँच | : उपसंहार |

# अध्याय दुई
# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

## पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान कार्यमा सम्बन्धित विषयको पूर्वकार्यको अध्ययन गर्नु आवश्यक हुन्छ । शोधकार्यमा विगतमा त्यस क्षेत्रमा वा त्यस विषयमा भइसकेका वा भए गरेका अध्ययनलाई पुनरवलोकन गर्नु अर्थात् सम्बन्धित क्षेत्रको अन्य सामग्रीहरुको अध्ययन गर्नु पूर्वकार्यको समीक्षा हो । यहाँ ‘कक्षा ६ को हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ को तुलनात्मक अध्ययन’ शीर्षकमा अनुसन्धान गर्ने क्रममा यस शोधकार्य भन्दा पहिला यससँग सम्बन्धित भएका कार्यहरुलाई पूर्वकार्यको समीक्षाका रूपमा अध्ययन गरिएको छ ।

शिक्षण कार्यमा पाठ्यपुस्तकको महत्तवपूर्ण स्थान रहन्छ । कार्यक्रमबद्ध शिक्षण सिकाइका लागि पाठ्यपुस्तकमा नै भर पर्नुपर्ने हुन्छ । विकासोन्मुख मुलुकमा त झनै पाठ्यपुस्तकलाई महत्तवपूर्ण शैक्षिक सामग्री मानिन्छ । त्यसबाट दिइने शिक्षा महत्त्वपूर्ण र भरपर्दो हुन्छ । त्यसैले पाठ्यपुस्तक निर्माण गर्दा समाज, समुदाय र सिकारुको स्तरलाई मध्यनजर राख्दै निर्माण गर्नुपर्दछ । अन्य विषय पनि भाषाकै माध्यमबाट शिक्षण गरिने भएकाले भाषा पाठ्यपुस्तकले अन्य विषयको शिक्षणमा पनि सहयोगको भूमिका निर्वाह गर्नुपर्दछ । भाषा पाठ्यक्रमको आधारमा भाषा पाठ्यपुस्तक निर्माण गरिन्छ । त्यसैले यसको निर्माणमा विशेष सावधानी अपनाउनु पर्ने हुन्छ । यसका लागि सबैभन्दा पहिले भाषा पाठ्यवस्तुको छनौट गरेपछि मात्रै भाषा पाठ्यवस्तुको निर्माण गरिन्छ (ढकाल, २०६५, पृ. ५२) । विशेष गरी नेपालको निम्न माध्यमिक तह (६ - ८) का नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकबिच ताल नभएको कुरा विभिन्न समयमा भएका अध्ययनहरुले देखाएका छन् ।

विद्यालय तहको जग नै प्राथमिक तह भएको र जग बलियो भए मात्र माथिको तह बलियो हुने दृष्टिगत गरी प्रथमिक तहमा भाषा शिक्षण गर्दा शब्दहरुको छनौटमा विशेष ध्यान दिन जुरुरी देखिन्छ । भाषिक विकासका लागि रुचिपूर्ण विधाहरुको उपयोग गर्नुपर्दछ । यसका अलावा पाठ्यक्रमको उद्देश्य, विषय, क्षेत्र र समय निर्धारण जस्ता पक्षबाट पाठ्यपुस्तक सिकारु अनुकूल बनाइनु पर्दछ । (पौडेल १४८, पृ. १५२) । नेपालको सन्दर्भमा हेर्ने हो भने केही मात्रामा

पाठ्यपुस्तकको सिङ्गो अध्ययन पाठ्यक्रम, पाठ्यसामग्रीको अनुरूपतामा भएको देखिन्छ । भाषा र वक्ताबिच अन्योन्याश्रित सम्बन्ध हुन्छ । त्यसैले विभिन्न उमेर समूहका भाषका वक्ताहरुमा हुने शब्द भण्डार तथा शब्दहरुको आवृत्ति सम्बन्धी अध्ययनहरु भएका पाइन्छन् । सन् १९२१ र सन् १९३१ मा थर्न डाइकले सन् १९४६ मा हर्नले पाठहरुको शब्द भण्डारबारे अध्ययन गरेका थिए । शब्द आवृत्ति बारे लेट्खोटले अध्ययन गरेकी थिइन् । सन् १९४६ मा बेलायतमा बालकका शब्दवाली सम्बन्धी अध्ययन एडवार्डस र मिथियानले गरेका थिए । त्यसरी नै सन् १९४५ मा रिन्सलैण्डले सन् १९५९ मा श्यामवर्ग एण्ड श्यामवर्गले शब्द भण्डार सम्बन्धी अध्ययन गरेका थिए । विद्यालय जीवनका सुरुका वर्षहरुमा बालबालिकाहरुले दैनिक प्रयोग गर्ने शब्दहरु पत्ता लगाउनु नै यी अध्ययनहरुको उद्देश्य थियो । यी अध्ययनहरु पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययनका एक शाखाको रूपमा मात्र रहेका छन् (कोइराला, २०५४, पृ. ४) ।

पाठ्यपुस्तकको सिङ्गो अध्ययन पाठ्यक्रम अनुरूपता तथा पाठ्यसामग्रीको तुलनात्मक अध्ययन सम्बन्धी अध्ययन अनुसन्धान केही मात्रामा भएका छन् । डा. कृष्णगोपाल रस्तोगीले युनेस्केको सहयोगमा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) का लागि सन् १९७८ मा गरेको अध्ययनको 'प्रोजेक्ट अन इभ्यालुएसन अफ महेन्द्रमाला सेरिज फर कक्षा १ - ५' मा पाठ्यपुस्तकबारे अध्ययन भएको पाइन्छ । उक्त अध्ययनमा पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तुहरु, विद्यार्थीको बौद्धिक परिपक्वता भन्दा स्तरीय संयोजन स्तर नमिलेको, शब्द चयनमा छनौट र स्तरण प्रक्रियाको पालना गरिएको, भाषिक सीपहरुका लागि पर्याप्त अभ्यास नभएको जस्ता निष्कर्षहरु निकालिएका छन् ।

अधिकारीद्वारा वि.सं. २०४४ मा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) का लागि गरिएको अध्ययनमा शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्त्वहरुको प्राथमिक तहका पाठ्यक्रम पाठ्यपुस्तकहरुको विश्लेषण शीर्षकको नेपाली भाषा उपशीर्षकमा पाठ्यभार र पाठ्यपुस्तकबारे चर्चा गरिएको छ । यस अध्ययनमा पाठ्यक्रमले भाषा बोध तथा अभिव्यक्तिको अपेक्षाहरु समेटेको तर पाठ्यवस्तुको निर्धारण गर्दा भने अलग्गिएको निष्कर्ष निकालिएको छ । त्यसै गरी पाठ्यपुस्तकको विषयवस्तु, प्रस्तुति र स्तरगत कमजोरी यसमा रहेको शब्दभण्डार र धारणा पक्षमा असङ्गति रहेको निष्कर्ष निकालिएको छ । त्यस्तै वाक्यसम्बन्धी त्रुटिहरु औंल्याइएको छ । त्यसै गरी कतिपय पाठहरुमा रहेको वैचारिक असङ्गतिबारे औंल्याई पाठ्यपुस्तक तयार गर्न महत्त्वपूर्ण सुझावहरु दिएका छन् । वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तकहरु हेमाङ्गराज अधिकारीद्वारा गरिएको अध्ययन पछि तयार भएका हुन् (गौतम, २०५७, पृ. ६) ।

यस्तै पौडेल (२०५४) द्वारा पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित *कक्षा छको अनिवार्य नेपाली पाठ्यपुस्तक र एकता प्रकाशनद्वारा प्रकाशित सन्दर्भ सामग्री* नामक शोधपत्रमा तुलनात्मक अध्ययन गरी दुबैमा विधा, भाषाशैली, अभ्यास, आदि विविध पक्षमा कमीकमजोरी रहेको देखाइएको छ । तर पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पाठ्यपुस्तकमा केही हदसम्म यस्ता कमी कमजोरीहरु कम मात्रामा रहेको देखाइएको छ । यस अध्ययनमा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा छको हाम्रो नेपाली किताब र सजिलो नेपाली मालाबिच तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनले पाठ्यवस्तु छनौट र स्तरणका आधारमा सजिलो नेपाली मालाको तुलनामा हाम्रो नेपाली किताब केही हदसम्म उपयुक्त भएको निष्कर्ष निकालिएको छ ।

गौतम (२०५७) द्वारा यादवप्रसाद लामिछानेको प्रत्यक्ष निर्देशनमा तयार पारिएको *मेरो नेपाली किताब कक्षा ५ र सजिलो नेपाली माला ५ को तुलनात्मकम अध्ययन* नामक शोधपत्रमा विधा, शब्दभण्डार, भाषाशैली, अभ्यास आदि विविध आधारमा तुलना गरिएको छ । जसमा मेरो नेपाली किताब ५ को सम्बन्धमा शब्दभण्डार भाषाशैली अभ्यास बनोट आदि विविध सम्बन्धमा कमजोरी रहेको र सजिलो नेपाली ५ चाहिँ केही उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । त्यस्तै यी दुबै पाठ्यपुस्तकमा विधागत सङ्ख्या र पाठ्य सङ्ख्याको दृष्टिले कमजोरी रहेको सजिलो नेपाली मालामा शब्दकोष प्रयोग गर्ने तरिका नराखिएको, भाषिक प्रस्तुति र शैलीका दृष्टिले सजिलो नेपाली मालाका पाठहरु सरल देखिएका, चित्र प्रयोगका दृष्टिले मेरो नेपाली किताब नै उपयुक्त देखिएको, छपाइ र कागजको दृष्टिले सजिलो नेपाली माला सबल देखिएको तर आकार अलिक भद्दा भएको बँधाइ दुबैको कमजोर रहेको जस्ता निष्कर्ष निकालिएको छ ।

अधिकारी (२०५७) ले *हाम्रो नेपाली किताब सात र आठमा प्रयुक्त जीवनी विधासँग सम्बद्ध पाठहरुको तुलनात्मक अध्ययन* नामक शोधपत्र तयार पारेको देखिन्छ । छनौट, स्तरण, नमुना अभ्यास आदिका आधारमा गरिएको तुलनामा जीवनी लेखनको क्रमिकतालाई ख्याल नगरी लेखिएको अनि दुबैमा जीवनीको पाठकसो रखाइमा क्रमिकतालाई अनुसरण नगरेकाने सरल-जटिल क्रममा नभएको, ८ कक्षाको तुलनामा ७ कक्षामा शब्दभण्डार जटिल भएको, छनोट र स्तरण नमिलेको अभ्यासको छनौटमा व्यावहारिकता नपाइएको जस्ता कमी कमजोरीहरु औल्याउँदै व्याकरणमा आगमन विधिको प्रयोग गरिएको निष्कर्ष निकालिएको छ ।

आचार्य (२०५८) द्वारा *कक्षा एक र दुईको सजिलो नेपाली माला र नयाँ नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन* मा विषयवस्तुको दृष्टिले दुबै पाठ्यपुस्तक भौतिक र सांस्कृतिक क्षेत्र समेटेर निर्माण गरिएको सजिलो नेपाली किताब पाठ्यक्रम अनुरूप निर्माण भएको विश्लेषण

गरिएको छ । वर्णनात्मक एवम् पुस्तकालयीय अध्ययन विधि प्रयोग गरी गरिएको अध्ययनमा सजिलो नेपाली मालामा खासै त्रुटिहरु देखाइएको छैन भने नयाँ नेपाली मालामा वाक्य गठनमा खासै ध्यान नदिएको, विषयवस्तुको संयोजन नमिलेको, नमुना अभ्यासमा विविधता नभएको निष्कर्ष निकालिएको छ ।

खनाल (२०५९) ले *कक्षा चारको मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन* गरेका छन् । भाषा पाठ्यपुस्तकको आन्तरिक र बाह्य आधारमा गरिएको यस अध्ययनमा विधागत पाठहरुको रखाइ सजिलो नेपाली मालामा राम्रो देखिएको छ । तर समग्रमा सजिलो नेपाली माला भन्दा मेरो नेपाली किताब राम्रो देखिएको कुरा निष्कर्षको रूपमा दिइएको छ ।

पौडेल (२०५९) ले *कक्षा दुईको मेरो नेपाली किताब र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन* गरेका छन् । यस अध्ययन अनुसार विषयवस्तुको दृष्टिले दुबै पाठ्यपुस्तक उपयुक्त देखाइएको छ भने वाक्य सम्बन्धी अभ्यासहरु मेरो नेपाली किताबमा रहेको तर सरल नेपाली किताबमा पर्याप्त र स्तर अनुकूल नभएको निष्कर्ष निकालिएको छ । मेरो नेपाली किताबमा सबै भाषिक सीपहरु समेटिएको तर अर्कोमा सुनाइ र बोलाइ सीपको उल्लेख नगरिएको, पहिलो सामान्यतः पाठ्यक्रम अनुरूप देखिएको तर दोस्रोमा नदेखिएको, पहिलोमा आकार उपयुक्त तर दोस्रोको केही भद्दा देखिएको र दुबै पाठ्यपुस्तक विद्यार्थीको रुचि, क्षमता र स्तर अनुकूल नभएको कुरालाई निष्कर्षको रूपमा राखिएको छ ।

सुवेदी (२०६०) ले तयार *पारेको कक्षा पाँचको मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन* शोधपत्रमा पाठ्यपुस्तक निर्माणका आधारहरुका आधारमा पुस्तकहरुको तुलना गरिएको छ । यस अध्ययनमा मेरो नेपाली किताब केही त्रुटि बाहेक पाठ्यक्रम अनुरूप रहेको तर सजिलो नेपाली माला पूर्ण रूपमा पाठ्यक्रम अनुरूप नरहेको मेरो नेपाली किताबमा नेखाइ सीपको तुलनामा सुनाइ, बोलाई र पढाइ सम्बन्धी सीपहरु ओझेलमा परेको तर सजिलो नेपालीमालामा चाहिँ सुनाइ र बोलाइ सीपका केही अभ्यास नै नभएको, विषयवस्तुको सङ्कलनमा सरल र जटिलको क्रमलाई दुबैले महत्त्व नदिएको, भौगोलिक र सांस्कृतिक विविधतालाई खासै महत्त्व नदिएको, भाषिक व्याकरण सम्बन्धी र वाक्य गठन सम्बन्धी त्रुटि समान रहेको, मेरो नेपाली किताबको तुलनामा सजिलो नेपाली मालाको आवरण पृष्ठ कागजको स्तर कलात्मक तथा राम्रो छपाइको दृष्टिले पनि राम्रो भएको निष्कर्ष निकालिएको छ ।

बराल (२०६१) द्वारा *कक्षा सातको महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन* नामक शोपत्र मुख्यतः पुस्तकालीय विधिको प्रयोग गरी तयार गरिएको छ । महेन्द्रमालामा भाषाका चारवटै सीप समेट्ने, सिर्जनात्मक क्षमता अभिवृद्धि गराउने, मनोरञ्जन दिने, विद्यार्थीलाई सक्रिय पार्ने खालका अभ्यासहरु छैनन् । दुबै पाठ्यपुस्तकको सुरुमै कविता राखिएको छ, जुन पछाडि राखिएका भन्दा अप्ठ्यारा छन् । बालमनोविज्ञान, बालरुचि, भाषिक प्रस्तुति वा शैलीका दृष्टिले हाम्रो नेपाली किताबका पाठहरु सरल छन् । महेन्द्रमालामा विद्यार्थीलाई प्रशस्त अभ्यास गर्ने वातावरण छैन । पाठ्यक्रम अनुसारको शब्दभण्डार महेन्द्रमालामा कम छ भने हाम्रो नेपालीमा १५५ वटा नयाँ शब्द छन् । शब्दकोषको प्रयोग गर्ने तरिका, पाठको अन्त्यमा सिर्जनात्मक अभ्यास नेपालीमा छ तर महेन्द्रमालामा छैन (पृ. ४८) । यस अध्ययनमा पाठ्यपुस्तक विश्लेषणको आधारमा उक्त पुस्तकहरुको तुलना गरी उपर्युक्त निष्कर्ष निकालिएको छ ।

ज्ञवाली (२०६२) द्वारा *कक्षा तिनको मेरो नेपाली किताब, नयाँ नेपाली शृङ्खला र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन* शीर्षको शोध अध्ययन गरिएको छ । उक्त अध्ययनमा पाठ्यपुस्तकको सबल र दुर्बल पक्षलाई पहिल्याउने र पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक छ छैन भनी पत्ता लगाउने उद्देश्य राखेर विभिन्न समयमा विभिन्न विषय विशेषज्ञद्वारा तयार पारिएको राम्रो भाषा पाठ्यपुस्तकका आधारमा पुस्तकालयीय विधि प्रयोग गरी उक्त शोधपत्र तयार पारिएको छ । उक्त शोत्रपत्रमा प्रस्तुत गरिएको निष्कर्ष अनुसार मेरो नेपाली किताब र नयाँ नेपाली शृङखलामा घर परिवार, छरछिमेक, समुदाय सरसफाइ जस्ता विषय क्षेत्रको प्रसिनिधित्व हुन नसकेको कुरा उल्लेख भएको छ ।

कोइराला (२०६६) द्वारा *कक्षा दुईको सजिलो नेपाली माला, नयाँ नेपाली शृङ्खला र हाम्रो नेपाली भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन* नगरिएको छ । प्रा.डा. पारसमणि भण्डारीको प्रत्यक्ष निर्देशनमा तयार पारिएको उक्त शोधपत्रमा तिनै ओटा पाठ्यपुस्तकहरु भाषा पाठ्यक्रमको आधारमा नै तयार भएको पाइए पनि सजिलो नेपाली माला २ का विषयवस्तुहरु बालबालिकाको भाषिक एवम् वातावरणीय सेरोफेरोबाट लिइएको, नयाँ नेपाली शृङ्खला २ मा बालबालिकाको अनुभव एवम् वातावरणीय सेरोफेरोभन्दा बाह्यका विषयवस्तुहरु स्थान दिइएको र हाम्रो नेपाली २ मा पनि बालबालिकाको वातावरणीय अनुभव बाह्यका विषयवस्तुलाई समावेश गरिएको निष्कर्ष निकालिएको छ ।

घिमिरे (२०६७) द्वारा *कक्षा पाँचको मेरो नेपाली किताब र शुभारम्भ नेपाली लहर पाँचबिच पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणका आधारहरुका आधारमा तुलना* गरिएको छ । उक्त शोधपत्रको अन्तमा दुबै पाठ्यपुस्तकमा सुनाइ, बोलाइ र पढाइ भन्दा लेखाइ सीपमा बढी ध्यान दिइएको निष्कर्ष निकालिएको छ । भाषा तत्त्वको आधारमा मेरो नेपाली किताब शुभारम्भ नेपाली लहर भन्दा राम्रो र पाठ्यक्रम अनुरूप तयार भएको भन्ने निष्कर्ष निकालिएको छ ।

वर्तमान सन्दर्भमा नेपाल सरकारको स्वामित्व नभएको निजी संघ संस्थाबाट पनि धेरै भाषा पाठ्यपुस्तकहरु प्रकाशित भएका छन् । यसरी निजी क्षेत्रबाट प्रकाशित पाठ्यपुस्तकहरुको पनि अध्ययन अनुसन्धान गरी सुझाव दिनु आजको आवश्यकता भएको देखिन्छ । पाठ्यपुस्तक निर्माणको प्रमुख लक्ष्मणरेखा भनेको नै पाठ्यक्रम हो । त्यसैले पाठ्यक्रम विकास केन्द्रले समयानुकूल पाठ्यक्रम संशोधन गरी सिकारुको स्तर अनुसार पाठ्यपुस्तक पनि निर्माण गर्नुपर्छ । त्यसो भए मात्र पाठ्यक्रमले अपेक्षा गरेको लक्ष्य प्राप्त गर्न सकिन्छ । यिनै कुरालाई मध्यनजर गर्दै यो शोधपत्र तयार गरिएको छ । माथि गरिएको सर्वेक्षण अनुसार कक्षा ६ को हाम्रो नेपाली किताब पुरानो र नायाँ नेपाली भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन विश्लेषण अहिलेसम्म भएको पाइदैन । तसर्थ यो शोधपत्रमा कक्षा ६ का उक्त दुई भाषा पाठ्य पुस्तकहरु भाषिक पाठ्यवस्तु निर्माण सिद्धान्त अनुरूप छन् कि छैनन् ? यी दुबैमा के कस्ता सबल र दुर्वल पक्षहरु रहेका छन् ? आगामी दिनमा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणमा के कस्ता सुझावहरु दिन सकिन्छ । भन्ने कुरामा अध्ययन अनुसन्धान गरी निष्कर्ष निकालिने छ ।

## अध्ययनमा पूर्वकार्यको उपयोगिता

अनुसन्धान कार्यमा पूर्व कार्यको महत्त्वपूर्ण स्थान हुन्छ । यसबाट एकातिर अगाडि गरिएको शोधकार्यको पुनरावृत्ति हुनबाट बचाउँछ भने अर्कोतिर अनुसन्धेय विषयवस्तुको थप खोजी गरी शसोधलाई गहिराइमा पुऱ्याउन मद्दत पुग्दछ । यसरी अनुसन्धानकर्ताले आफूले गर्न लागेको अनुसन्धान कार्यलाई पूर्वकार्यसँग तुलना गरेर विशिष्ट, मौलिक र नवीन औचित्य साबित गर्ने कार्यलाई पूर्वकार्यको समीक्षाबाट मद्दत मिल्दछ । अर्कोतिर गर्न लागेको शोकार्य नवीन हो वा होइन भन्ने कुराको जानकारी पनि पूर्वकार्यको समीक्षाबाट थाहा पाउन सकिन्छ ।

पूर्वकार्यबाट अनुसन्धानको लागि उद्देश्य, प्राक्कल्पना निर्माण, अनुसन्धान विधिको छनोट र पहिचानमा मद्दत पुग्दछ । त्यसरी नै तोकिएको समस्या कथनको वास्तविक पहिचान गरी उक्त शोधपत्रको शीर्षकको औचित्य पुष्टि गर्न पनि मद्दत मिलेको छ । पूर्वकार्यको समीक्षा

अनुसन्धानको विषय छनौटदेखि अन्तिमसम्म रहने हुन्छ । पूर्वकार्यको समीक्षाले अनुसन्धानको पुरानो सिद्धान्त र कार्यपद्धतिको निरूपण गरेर अनसन्धेय विषयमा मौलिक योगदान दिने गर्दछ । तसर्थ : अनुसन्धान कार्यलाई मौलिक, नवीन र विशिष्ट बनाउनका लागि पूर्वकार्यको उपयोगिता महत्त्वपूर्ण हुन्छ (न्यौपाने, २०६७, पृ. ८६) । माथि गरिएको यो भन्दा पहिलेको शोधकार्यको सर्वेक्षणले यस शोधकार्यलाई गहिराइमा पुऱ्याएर शीर्षक र उद्देश्यको निरूपण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । त्यसैले यस शोधकार्यमा उपर्युक्त पूर्वकार्यका अध्ययनको प्रभावकारी उपयोगिता रहेको छ ।

## सैद्धान्तिक पर्याधार

### भाषा पाठ्यपुस्तकको सैद्धान्तिक परिचय

पाठ्यक्रमले तोकेको उद्देश्य प्राप्तिका लागि तयार पारिएको साधन नै पाठ्यपुस्तक हो । यसले पाठ्यक्रमले तोकेको निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण सिकाइको सञ्चालन गर्न मद्दत गर्दछ । यो शिक्षण सिकाइको आधिकारिक र महत्त्वपूर्ण पाठ्यसामग्री पनि हो । यसमा भाषा पाठ्यक्रमले तोके बमोजिमको भाषिक पाठ्यवस्तुलाई विद्यार्थीको स्तर, रुचि, अनुभव आदिका आधारमा सिकाइलाई ख्याल गरी सङ्गठित गरिएको हुन्छ । भाषा पाठ्यक्रम एउटा सैद्धान्तिक दस्तावेज हो भने उक्त सैद्धान्तिक कुरालाई व्यावहारिक रूपमा भाषामा प्रयोग गर्ने भरपर्दो सामग्री भाषा पाठ्यपुस्तक हो । यसलाई यसको लोकप्रियताका आधारमा "मुद्रित शिक्षक" पनि भन्ने गरिन्छ (अधिकारी र शर्मा २०६५, पृ. २४०) । भाषा पाठ्यपुस्तक भाषिक ज्ञान, सीप र दक्षता अधिवृद्धि गर्ने उद्देश्यले तयार पारिएको हुन्छ । विद्यार्थीको मानसिक एवम् बौद्धिक क्षमताको विकास गर्न भाषा पाठ्यपुस्तकको महत्त्वपूर्ण स्थान रहन्छ ।

विशेष गरेर हाम्रो जस्तो अल्प विकसित राष्ट्रमा त विद्यालयमा हुने अधिकांश क्रियाकलापहरु पाठ्यपुस्तकमा नै निर्भर रहन्छन् । त्यसैले भाषा पाठ्यपुस्तक खास गरी भाषिक सीप र तह अनुसारको रचनात्मक अभ्यास र क्रियाकलापतर्फ उन्मुख हुनु पर्दछ । परिभाषित रूपमा हेर्ने हो भने भाषा पाठ्यपुस्तकलाई निर्दिष्ट गरेर परिभाषित गरिएको त्यति पाइँदैन । अन्य पाठ्यपुस्तकका आधारमा नै भाषा पाठ्यपुस्तकको परिभाषा पर्गेल्नुपर्ने हुन्छ । कुनै पाठ्यांशका लागि आधारभूत सामग्रीका रूपमा पाठ्यपुस्तक रहेको हुन्छ । यसमा निश्चित विषयवस्तुहरुलाई निश्चित तहमा शिक्षण गर्ने किसिमले व्यवस्थित ढङ्गले समावेश गरिएको हुन्छ (गुड, १९५९, पृ. ५६७ - ५६८) ।

पाठ्यक्रममा आधारित भएर तयार पारिने पुस्तक नै पाठ्यपुस्तक हो (अधिकारी र शर्मा, २०५७, पृ. ५०) । भाषिक सीप र व्याकरणको आधारभूत सामग्री समेत व्यवस्था गरिएको भाषा शिक्षणको निमित्त उपयोग गरिने प्रमुख सामग्री नै भाषा पाठ्यपुस्तक हो (दाहाल र ढुङ्गेल २०५६, पृ. ५४) । विद्यालय एवम् विद्यापीठहरुमा विद्यार्थीहरुलाई औपचारिक तवरले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो (बृहत् नेपाली शब्दकोश, २०५२, पृ. ८१०) ।

माथिको परिभाषाका आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने विद्यालयहरुमा औपचारिक रूपमा शिक्षण गर्न सिकारु वा विद्यार्थीको आवश्यकता रुचि र स्तरलाई मध्यनजर गर्दै तयार पारिएको पाठ्य सामग्री नै भाषा पाठ्यपुस्तक हो ।

भाषा पाठ्यपुस्तकको अध्ययन र विश्लेषणका आधारहरु

भाषा पाठ्यपुस्तकलाई दुई आधारमा अध्ययन-विश्लेषण गर्न सकिन्छ ती हुन् : आन्तरिक वा शैक्षिक/प्राज्ञिक आधार र बाह्य वा भौतिक आधार ।

आन्तरिक आधार अर्न्तगत विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना, शैली र शब्दभण्डार, नमूना अभ्यास, चित्र, भूमिका तथा निर्देशन आदि पर्दछन् । बाह्य आधार अर्न्तगत पाठ्यपुस्तकको आवरण पृष्ठ, आकार, छपाइ, बँधाइ, कागजको स्तर, मूल्य, आदि पर्दछन् । यिनीहरुको चर्चा तल गरिएको छ :

क. आन्तरिक वा शैक्षिक/प्राज्ञिक आधार.

भाषा शिक्षणमा सिकाइका दृष्टिले भूमिकामूलक महत्त्व राख्ने आन्तरिक कुराहरु प्रशस्त छन् । त्यस भित्रका महत्त्वपूर्ण तत्त्वहरुको उल्लेख तल गरिएको छ :

(१) विषयवस्तु

भाषा पाठ्यपुस्तकको केन्द्रीय भाग भनेकै त्यसमा समाविष्ट विषयवस्तु हो । भाषा पाठ्यपुस्तकमा विषयवस्तु छनौट गर्दा, विधागत विविधता, विद्यार्थीको उमेर, स्तर, रुचि र पूर्वज्ञानको अनुभवलाई समेट्नुपर्दछ । लैङ्गिक चारित्रिक निर्माण, सामाजिक सद्भाव, श्रमप्रतिको आस्था, आदि समेट्नु पर्दछ । त्यसैगरी भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तु रुचिपूर्ण, सीपमूलक र व्यावहारिक हुनुपर्दछ ।

(२) विधा

भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तकमा विधागत विविधता हुनुपर्दछ । साहित्य र साहित्येतर विषयवस्तु दुबै समेटेर विषयवस्तुलाई रोचक बनाई सिकाइमा प्रभावकारिता र

नवीनता ल्याउनु पर्दछ । विशेष गरेर विद्यार्थीको उमेर, तह, स्तर, आदिलाई ख्याल गरी साना कक्षाहरुमा छोटो प्रबन्ध, जीवनी, कथा, कविता जस्ता रोचक विधा राखेर तुलनात्मक रूपमा माथिल्ला कक्षामा लामा कविता, निबन्ध, कथा, बादविवाद, वक्तृत्वकला र जीवनी जस्ता विधाहरुको समायोजन, भाषा पाठ्यपुस्तकमा गर्नुपर्दछ । यसरी विधागत संरचना र प्रस्तुतिलाई तल्ला कक्षाबाट कस्दै माथिल्ला कक्षामा कसिलो बनाउँदै लानुपर्दछ वा लैजानु नै उचित हुन्छ ।

(३) भाषिक संरचना, शैली र शब्दभण्डार

कुनै पनि वाक्य संरचनाको स्तर त्यसमा प्रयुक्त शब्दहरुको सरलता र जटिलता निर्भर गर्दछ । अत्याधिक सर्वनाम र संयोजकहरुले भाषालाई जटिल बनाउँदछ । असमापिका क्रियाहरुको प्रयोग गरी बनाइएका जटिल एवम् सघन वाक्यहरुले भाषालाई दुर्बेध्य बनाउँछन् । यसका साथै आलाङ्कारिक एवम् प्रतीकात्मक शैलीको ज्यादा उपयोगले पनि भाषिक सरलतामा ह्रास ल्याउने गर्दछ । यस्तो किसिमको शैली उच्च तहका लागि उपयुक्त भएतापनि तल्ला तहका कक्षाका लागि भने त्याज्य नै मानिन्छ ।

भाषा पाठ्यपुस्तकको भाषा विद्यार्थीको स्तर एवम् क्षमता अनुरूप सरल, व्यावहारिक तथा रुचिपूर्ण हुनुपर्दछ । प्रारम्भिक तहका सुरुका कक्षाहरुमा बढीमा तीन/चार ओटा शब्दद्वारा संरचित वाक्य र पछिल्ला तलका कक्षाहरुमा आइपुग्दा १०/१२ ओटा शब्दहरुले बनेका वाक्य संरचना भएको भाषा प्रयोग गर्नु उचित हुन्छ । प्रारम्भिक तहबाट उकालो लागेपछि क्रमशः नजानिदो तवरले जटिल संरचना र शैलीको उपयोग गर्दै लैजानु उपयुक्त हुन्छ । विधागत विविधता, विशिष्टता तथा शैलीगत विविधता सिकाउने आवश्यकतालाई मध्यनजर गरी भाषालाई क्रमशः स्तरीकृत गर्दै लैजानु पर्दछ ।

शब्दभण्डार भाषिक सीप विकासको महत्त्वपूर्ण पक्ष हो । भाषिक बोध एवम् अभिव्यक्तिगत क्षमताको अभिवृद्धि गर्न शब्दभण्डार क्षमताको विकास गर्नु पूर्व आवश्यक सर्त पनि हो । विद्यार्थीको स्तर, क्षमता एवम् तह अनुरूपका शब्दभण्डारलाई नियमित रूपमा राख्नु पर्दछ । पूर्व अनिुभवसँग सम्बन्धित शब्दहरुको साथमा थोरै कठिन शब्दहरुको संयोजन गरी पाठ तयार गर्नु पर्दछ । प्राथमिक तहका कक्षाहरुमा हरेक पाठ शीर्षकमा १०/१२ भन्दा बढी कठिन शब्द हुनु हुँदैन । भाषा पाठ्यपुस्तकमा असी प्रतिशत सजिला र बिस प्रतिशत नयाँ शब्दहरु प्रयोग गर्नुपर्दछ (दाहाल र ढुङ्गेल : २०५७, पृ. ६३) । विषय वस्तुको प्रकृति अनुरूप शब्द प्रयोगमा विविधता हुनु पर्दछ । फेरि जति जति नयाँ शब्दहरु थपिँदै लगिन्छ त्यति त्यति नै तिनको सान्दर्भिक पुनरावृत्ति र प्रयोग अभ्यास पनि बढाउँदै लैजानु पर्दछ । सुरु सुरुमा आधारभूत

शब्द र पछि स्तरवृद्धि हुँदै जाँदा तत्सम तथा तद्भाव शब्द र लोकोक्ति एवम् उखान टुक्काको प्रयोग गरे तापनि तल्ला कक्षामा त्यसको प्रयोग त्याज्य ठहर्दछ । कुनै पाठमा अत्यधिक नयाँ शब्द थप्ने र कुनै पाठमा एउटा पनि नयाँ शब्द नथप्ने गर्नु हुँदैन ।

(४) नमुना अभ्यास

नमुना अभ्यास भाषा पाठ्यपुस्तकको अभिन्न अङ्ग हो । भाषिक सीप विकास नै भाषा पाठ्यपुस्तकको मुख्य उद्देश्य हो । फेरि सीप विकासमा अभ्यासको महत्त्वपूर्ण स्थान भएकाले भाषा पाठ्यपुस्तकमा अभ्यासको केन्द्रीय स्थान रहन्छ । किनभने भाषिक सीप आजर्नका लागि अभ्यास महत्त्वपूर्ण पाटो हो । तल्ला कक्षहरुमा मौखिक अभ्यास खण्ड बढी माथिल्ला कक्षाहरुमा लिखित अभ्यासहरु बढाउँदै जानु उपयुक्त हुन्छ । अभ्यासका दृष्टिले कम महत्त्वपूर्ण र पर्याप्त अभ्यासात्मक विविधता नसमेट्ने भाषा पाठ्यपुस्तक भाषिक सीप विकासको दृष्टिले उपयुक्त मानिदैन । भाषाको प्रकार्यात्मक अथवा सम्प्रेषणात्मक उपयुक्तता र सान्दर्भिकता सम्बन्धी व्यावहारिक ज्ञान, सीप र अभ्यासबाटै प्राप्त हुने र सबल हुने हुनाले त्यसको उपयुक्तता नमूना पाठ्यपुस्तकले निर्देशन गर्न सक्नु पर्दछ (शर्मा र पौडेल, २०६० : ३६२) । विधागत विविधता अनुरूप भाषा प्रयोगका विशिष्ट क्षेत्रहरुमा विद्यार्थीहरुलाई समोल गराउन भाषिक अभ्यास महत्त्वपूर्ण हुन्छ । शैलीगत विविधता एवम् सान्दर्भिक उपयुक्तता अनुरूपको भाषिक सीप विकासका निम्ति भाषिक अभ्यास महत्त्वपूर्ण हुने देखिन्छ ।

अभ्यासको छनौट एवम् स्तरणमा पनि विद्यार्थीको स्तर, क्षमता, रुचि एवम् सिकाइ सिद्धान्तलाई ध्यान दिनु पर्दछ । सरलदेखि जटिलसम्मको अभ्यास स्तरीकृत हुनु पर्दछ । पहिचानात्मक प्रकृतिको मात्र नभई प्रयोगात्मक एवम् उत्पादनात्मक किसिमका अभ्यासको पनि तालमेल भाषा पाठ्यपुस्तकमा हुनु पर्दछ । समग्रमा भन्नु पर्दा भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास विविधतापूर्ण, सीपपरक, रुचि पूर्ण, सिर्जनात्मक एवम् व्यावहारिक हुनु पर्दछ ।

(५) चित्र

एउटा तस्वीर वा चित्र एक हजार शब्द भन्दा बढी बलबान् हुन्छ भनिन्छ । यसबाट पनि पाठ्यपुस्तकमा चित्रको कति महत्त्व छ भन्ने कुरा बुझ्न सकिन्छ । प्रारम्भिक तहका भाषा पाठ्यपुस्तकमा अक्षर र शब्दको धारणा बसाल्न पनि चित्रहरुको अत्यधिक प्रयोग गर्नुपर्दछ । त्यसो त आधारभूत तहभन्दा माथि पनि सान्दर्भिक चित्रको प्रयोग उपयोगी नै ठहर्छ । प्रारम्भिक तहमा रङ्गीन, स्पष्ट र ठूला चित्रहरु प्रयोग गर्नुपर्दछ तर क्रमशः माथिल्लो कक्षामा चित्रको

सङ्ख्या घटाउँदै लैजानु पर्दछ । भाषा शिक्षणलाई प्रभावकारी बनाउँन चित्रहरु महत्त्वपूर्ण सामग्री बन्न सक्छन् तर चित्रहरु स्पष्ट, ठीक आकारका, आर्कषक, रोचक र उद्देश्यपूर्ण हुनु पर्दछ ।

(६) भूमिका निर्देशन

भाषा पाठ्यपुस्तकमा ठाउँ ठाउँमा सम्बन्धित पक्षलाई निर्देशन वा सुझाव दिनुपर्ने हुन्छ । यस्तो निर्देशन, भूमिका, वक्तव्य, अभिभावक वा शिक्षकलाई अनुरोध, प्रकाशकीय आदिको नामबाट दिइन्छ । यसैका आधारमा निर्दिष्ठ पाठ कसरी वा कुन कुन उद्देश्यले शिक्षण गर्नुपर्दछ भनेर थाहा पाउन सकिन्छ । यस्तो निर्देशन भाषा शिक्षणलाई सघाउ पुऱ्याउने खालको व्यावहारिक हुनु पर्दछ ।

ख. बाह्य तथा भौतिक पक्ष

(१) आवरण पृष्ठ

कुनै पनि पाठ्यपुस्तकलाई सुरक्षित गर्ने अङ्ग नै आवरण पृष्ठ हो । त्यसैले पाठ्यपुस्तकको आवरण पृष्ठ बलियो, दरो र बाक्लो हुनु पर्दछ । मुखावरण पृष्ठ र अन्त्यावरण पृष्ठ गरी आवरण पृष्ठ पुस्तकको दुईतर्फ हुन्छ । मुखावरण पृष्ठमा विद्यार्थीहरुलाई पढाइप्रति अभिप्रेरित गराउने र शैक्षिक उद्देश्य झल्काउने खालको चित्र हुनु पर्दछ । घामपानी र शीतले असर नगर्ने, चित्रको रङ्ग नउड्ने खालको हुनु पर्दछ । त्यस कारण आवरण पृष्ठलाई प्लास्टिक लेमिनेसन गर्नु अझ राम्रो हुन्छ । मुखावरण पृष्ठमा छापिएका अक्षरहरु टाढाबाट पनि सजिलैसँग पढ्न सकिने खालको हुनुपर्दछ । त्यसमा लेखिएको पुस्तकको शीर्षक छोटो र छरितो हुनु उपयुक्त हुन्छ । अन्त्यावरण पृष्ठमा देशभक्ति, नैतिकता, ईश्वरीय आस्था र सिर्जनात्मकता उत्पन्न गर्ने खालका गीत वा कक्षागत गीत हुन उपयुक्त हुन्छ ।

(२) आकार

आकार प्रकारको दृष्टिले अन्य पाठ्यपुस्तकभन्दा भाषा पाठ्यपुस्तक केही ठूलो आकारको हुनु राम्रो मानिन्छ । तर यसो भन्दैमा विद्यार्थीको स्तर सुहाउँदो र उपयुक्त हुन आवश्यक छ । विशेष गरी विद्यार्थीको स्तर, उमेर, आदिलाई ख्याल गरी भाषा पाठ्यपुस्तकको आकार तय गर्नुपर्दछ । भाषा पाठ्यपुस्तक एक ठाउँबाट अर्को ठाउँमा लैजान झोलामा बोक्न सजिलो खालको हुनु पर्दछ । विशेष गरेर प्राथमिक तहमा १२ इन्चदेखि १४ इन्चसम्म चौडाइ र १६ इन्च लम्बाई भएको पाठ्यपुस्तक उपयुक्त मानिन्छ भने माध्यमिक तहमा १० इन्च चैडाइ र १३/१४ इच्च लम्बाइ भएको किताब व्यावहारिक र उपयुक्त मानिन्छ (शर्मा र पौडेल, २०६०, पृ. ३७०) ।

(३) छपाइ

छपाइ अन्तर्गत, पाठशीर्षक, उपशीर्षक, पाठको मुख्य भाग, अभ्यास तथा चित्रहरुमा रङ्ग वा मसीको वितरणको मात्रा आदि पर्दछन् । कुनै पनि शब्द, पदावली वा वाक्यलाई प्रभावपरक चिनारीको लागि पनि गाढा, चहक, रेखाङ्कित गरेर तथा अन्य कुनै विकल्प अपनाएर, अन्य भन्दा छुट्टै बनाउनु पर्दछ । शीर्षक उपशीर्षक, संकेत, आदिलाई गाढा चहक दिएर छाप्नु पर्दछ । मसी फुल्ने र तत्कालै उड्ने किसिमको प्रयोग गर्नु हुँदैन । त्यस्तै गरी कागजको दुबै छेउमा उपयुक्त ठाउँ छोडाइ हुनु पर्दछ । वर्णविन्यास, शुद्धि र व्याकरणात्मक शुद्धिमा विलकुलै त्रुटि गरिनु हुँदैन । साना कक्षामा दुबैतर्फ किनारा बढी छोडेको र ठूला कक्षामा कम किनारा छोडेको पाठ्यपुस्तक उपयुक्त मानिन्छ ।

(४) बँधाइ

भाषा पाठ्यपुस्तकको बँधाइ बलियो र मजबुत हुनु पर्दछ । पाठ्यपुस्तकलाई बँधाइ गर्दा कागजलाई बलियो धागोले सिएर, बलियो स्टेपल पिन प्रयोग गरेर गम अथवा फेवीकलले बलियो गरी टाँसेर दरो बँधाइ गर्नु पर्दछ । विशेष गरेर तल्ला कक्षाहरुको बालबालिकाले प्रयोग गरेर सबै पानाहरु राम्रो पल्टाउन मिल्ने गरी बँधाइ गर्दा उपयुक्त मानिन्छ । खास गरी प्रारम्भिक कक्षाका बालबालिकाले प्रयोग गर्ने पुस्तकलाई स्टेपल पिनले भन्दा बलियो धागोले सिएको हुनु पर्दछ ।

(५) कागजको स्तर

भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने कागज चिल्लो, सेतो, बाक्लो र बलियो हुनुपर्दछ । पाठ्यपुस्तकमा प्रयोग गरिने कागज सेतो र दह्रो हुनु जरुरी छ । आधारभूत तहको पाठ्यपुस्तकमा प्रयोग हुने कागज तुलनात्मक रूपमा माथिल्लो कक्षामा प्रयोग हुने कागजभन्दा दह्रो र बलियो हुन जरुरी छ । विशेष गरेर पाठ्यपुस्तकमा सेतो रङ्गको कागज प्रयोग गर्दा राम्रो हुन्छ । अरु रङ्गको कागजमा स्पष्ट अक्षर नदेखिन सक्छ । सामान्य अवस्थामा पनि च्यातिने, सड्ने, दोब्रिने, भाँचिने कागजले विद्यार्थीहरुको पाठ्यपुस्तकसँग खेलिरहने रहर र उत्साहमा कमी ल्याउन सक्छ ।

(६) मूल्य

पाठ्यपुस्तक नाफा कमाउने उद्देश्यले मात्र पनि प्रकाशन गर्नु हुँदैन । पाठ्यपुस्तकलाई प्रभावकारी र उपयोगी बनाउन अर्को तत्त्व मूल्य पनि हो । सर्वसाधारण जनताको पहुँच पुग्ने किसिमले पाठ्यपुस्तकको मूल्य निर्धारण गर्नुपर्दछ । पाठ्यपुस्तकको मूल्य मुनाफारहित लगानी खर्च उठाउने उद्देश्यले मात्र न्यूनतम मात्रामा निर्धारण गर्नुपर्दछ । अझ सकिन्छ भने सरकारी वा गैरसरकारी अनुदान जुटाएर निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाए धेरै राम्रो हुन्छ । अहिले

नेपाल सरकारले प्राथमिक तहदेखि माध्यमिक तहसम्मका सबै पाठ्यपुस्तक सम्पूर्ण छात्र छात्राहरुलाई अनुदान मार्फत निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाएरको छ । यसलाई सकारात्मक रूपमा लिन सकिन्छ । यसरी सकभर मूल्य तिर्नुपर्ने पाठ्यपुस्तकलाई पनि राष्ट्रिय दायित्व समेतलाई मध्यनजर राख्दै कमभन्दा कम मूल्यमा पाठ्यपुस्तक उपलब्ध गराउने प्रयास गर्नुपर्दछ ।

## सैद्धान्तिक अवधारणाको सम्बन्ध

प्रस्तुत शोध कार्य कक्षा छको हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको तुलना रहेको छ । यसलाई सैद्धान्तिक आधारमा व्याख्या विश्लेषण तथा तुलना गरी निष्कर्षमा पुग्ने कार्य गरिएको छ । यस कार्यलाई विश्वसनीय, आधिकारिक तथा प्रामाणिक रूप दिनका लागि भाषा पाठ्यपुस्तक सम्बन्धी सैद्धान्तिक अवधारणालाई आधार बनाएको छ । अतः यहाँ अनुसन्धेय विषय र त्यसको व्याख्या विश्लेषण तथा तुलनाका लागि आधारकाका रूपमा प्रस्तुत गरिएको पाठ्यपुस्तक सम्बन्धित सैद्धान्तिक अवधारणा एवम् यस शोधकार्यको अन्तरसम्बन्ध रहेको छ ।

# अध्याय तिन

# अनुसन्धान विधि

## अनुसन्धानात्मक ढाँचा तथा विधि

प्रस्तुत शोधपत्र निर्माणका लागि गुणात्मक विधिको प्रयोग गरिएको छ। यस शोधकार्यमा गुणात्मक तथा वर्णनात्मक विधि अपनाएर व्याख्या, विश्लेषण, तुलना एवम् तालिकीकरण गरेर निष्कषर्मा पुगिएको छ।

अध्ययनविधि एउटा योजना विश्लेषणका आधार हो । निश्चित ढाँचा वा खाकामा आधारित सम्बन्धित विषयको व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने गरिन्छ। अध्ययन कार्यलाई वस्तुगत बनाउन गरिएको योजनाको आधास्वरू पद्धति नै अनुसन्धानको ढाँचा हो। विधि भनेको पद्धति, प्रक्रिया वा तरिका हो । कुनै पनि अनुसन्धान वा अध्ययनमा पनि निश्चित प्रक्रिया अपनाउनुपर्ने हुन्छ । प्रस्तुत  अनुसन्धान कार्य तथ्याङ्कीय नभएर गुणात्मक भएकाले यसका लागि क्षेत्रीय अध्ययन नभएर पुस्तकालयीय अध्ययन गरिएको हुनाले विशेषतः यहाँ गुणात्मक विधि नै अपनाइएको छ । निर्दिष्ट पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गर्नु यसको मुख्य ध्येय भएकाले गुणात्मक विधिकै आधारमा तुलना, विश्लेषण, तालिकीकरण गरी निष्कर्ष निकालिएको छ।

प्रस्तुत शोध प्रतिवेदन तयार गर्दा विशेषतः विभिन्न विद्वान्हरुले दिएका राय र सुझावलाई पनि आत्मसात गरिएको छ । विभिन्न विधाहरुलाई तालिकामा राखी तालिकीकरण गरी् तुलना र विश्लेषण गरिएको छ। यसमा पुरै अनुसन्धान पुस्तकालयीय अध्ययनका आधारमा गरिएको छ । विद्वान् लेखकहरुका पुस्तक र अप्रकाशित शोध प्रतिवेदन समेतको अध्ययन गरी तिनको उपयोग गरिएको छ भने विश्लेष्य पाठ्यपुस्तकहरुको तुलनात्मक अध्ययन गरी यो अनुसन्धान कार्य पुरा गरिएको छ।

## सामग्री सङ्कलनको स्रोत तथा विश्लेषण पद्धति

यस अनुसन्धानका लागि सामग्री सङ्कलन गर्न प्राथमिक तथा द्वितीयक गरी दुवै स्रोतको उपयोग गरिएको छ।  प्रस्तुत अध्ययनका लागि कक्षा छको हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । प्रस्तुत अध्ययनलाई

सम्पन्न गर्न उपर्युक्त प्राथमिक स्रोतका रूपमा चयन गरिएका पाठ्यपुस्तकहरुको अनुसन्धानात्मक ढाँचामा तुलनात्मक विश्लेषण गर्न सहयोग पुग्ने सम्बन्धित तहको पाठ्यक्रम, अन्य पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भपुस्तकहरु र अप्रकाशित शोधपत्रहरुलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । त्यसै गरी सम्बन्धित शोध निर्देशक, विषय विज्ञसँगको सोधपुछ तथा सरसल्लाहलाई पनि द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । उक्त शोधकार्यका लागि प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीलाई नै साधनका रूपमा प्रयोग गरिएको छ । यसका लागि क्याम्पस पुस्तकालय तथा अन्य पुस्तकालय पनि साधनका रूपमा प्रयोग गरिएका छन् । यस शोधपत्रमा पुस्तक अध्ययन तथा विज्ञहरुको सल्लाह एवम् निर्देशनद्वारा सङ्कलित सामग्रीलाई व्याख्या-विश्लेषण तथा तालिकीकरण समेत गरी निरूपण गरेर यथासक्य विश्वसनीय निष्कर्ष निकालिएको छ ।

# अध्याय चार

# कक्षा छको हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको तुलनात्मक विश्लेषण

## हाम्रो नेपाली किताब कक्षा छको विश्लेषण

कुनै पनि पाठ्यपुस्तकमा विषयवस्तु, विधागत प्रस्तुति, भाषिक संरचना, शैली र शब्दभण्डार, नमुना अभ्यास, चित्र, भूमिका वा निर्देशन, व्याकरण आदि आन्तरिक पक्ष तथा आवरण पृष्ठ, आकार, छपाइ, बँधाइ, कागजको स्तर, मूल्य आदि बाह्य पक्ष हुन्छन् । यहाँ पाठ्यपुस्तकमा प्रयुक्त तिनै विविध तत्व वा अङ्ग अथवा आन्तरिक र बाह्य पक्षका आधारमा प्रस्तुत पुस्तकको विश्लेषण गरिएको छ ।

### आन्तरिक पक्षको विश्लेषण

#### क. विषयवस्तु

हाम्रो नेपाली किताब कक्षा ६ मा लोकसाहित्य, सामाजिक, सांस्कृतिक, सूचनामूलक, प्राकृतिक, पौराणिक, नैतिक, आदि क्षेत्रबाट लिइएका विषयवस्तुहरु समाविष्ट छन् । ती विषयवस्तुहरु सन्देशमूलक, उपदेशमूलक, सूचनामूलक, मनोरञ्जनात्मक एवम् कल्पनाशील रहेका छन् । यस पासठ्यपुस्तकमा ईश्वरस्तुति, नैतिक विषय, भानुभक्तलाई श्रद्धाञ्जलि, सन्देशमूलक विषय, देशभक्ति तथा राष्ट्रभक्तिको भावना भएको राष्ट्रको अखण्डता आदि रचनाहरु समावेश गरिएका छन् । त्यस्तै कथाहरुमा लोक कथामा डुहुरे मुसा र सेतो बिरालो, ठुले र साने अनि साँग्लो र कमिलो जस्ता कथाहरु छन् । त्यस्तै युक्तिसामु शक्ति टिक्दैन जस्ता नैतिक सन्देशहरु दिने खालका लोक कथाहरु पनि राखिएका छन् । नेपाल आमाप्रति श्रद्धा जस्ता जन्मभूमि  मातृभूमिप्रति श्रद्धा भाव जगाउने नैतिक सन्देशमूलक कविताहरु पनि राखिएका छन् ।

त्यस्तै पाठ १० मा दिइएको ‘डुहुरे मुसा र सेतो बिरालो’ कथामा कालो कपडा ओढेर सेतो बिरालो नै कालो भएको प्रसङ्ग ल्याएर विद्यार्थीमा अपत्यारिलो किंवदन्ती प्रस्तुत गरेको देखिन्छ । त्यस पाठ्यपुस्तकमा ‘युधिष्ठिरको परीक्षा’ जस्तो पौराणिक कथा भएको र यसले बालबालिकामा न्याय, धर्मका साथै सोचेर मात्र काम गर्नुपर्ने नैतिक सन्देश दिएको भएपनि आधुनिक मानव जीवनमा समाजलाई सकारात्मक सन्देश दिने खालको आधुनिक कथा एउटा पनि पाइँदैन । लोक कथा चाहिने भन्दा बढी राखिएकाले यसले लोक कथाको भाषा वैज्ञानिक

महत्त्वलाई ओझेलमा पारेको देखिन्छ । जीवनीहरुको अध्ययन गर्ने हो भने यस पाठ्यपुस्तकमा राखिएका साहित्यकार भवानी भिक्षुको जीवनीले विद्यार्थीहरुमा साहित्य सम्बन्धी ज्ञान दिएको र लुइपाश्चर जस्ता महान् वैज्ञानिक व्यक्तित्वको जीवनीले विद्यार्थीमा वैज्ञानिक खोज र अनुसन्धान गर्न उत्प्रेरणा जगाउने देखिन्छ । त्यस्तै महामानव गौतम बुद्धको जीवनीले धार्मिक र नैतिक शिक्षा दिएको छ भने समाज सेवा तुलसीमेहरको जीवनीले सामाजिक भावनाको सन्देश दिएको देखिन्छ । समग्रमा यस पाण्ठ्यपुस्तकमा जीवनीहरु, सामाजिक, वैज्ञानिक, धार्मिक तथा नैतिक र साहित्यिक क्षेत्रको सबै पाटाहरुलाई समेटेर राखेको देखिन्छ ।

त्यस्तै आफ्नै खुट्टामा उभिनुपर्छ जस्ता संवादले विद्यार्थीहरुमा भाषागत रूपमा शुद्ध संवाद जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ भन्ने जस्तो वादविवादले विद्यार्थीमा तार्किक एवम् शुद्ध तर्क प्रवाहको विकास गराई सरहभन्दा गाउँको विकासमा महत्त्व दिनुपर्छ भन्ने सन्देश प्रवाह गरेको छ । यसैगरी कृषिमल 'सामाजिक मेल मिलाप', 'गुरुशिष्यको सम्बन्ध', 'वातावरणको रक्षा', जस्ता प्रबन्धहरुले सामाजिक, धार्मिक, नैतिक र वातावरणीय प्रभाव जस्ता विषयवस्तुको उजागर गरी विद्यार्थीमा सकारात्मक सन्देश दिएको देखिन्छ । समग्रमा यो पाठ्यपुस्तकमा आएका विषयवस्तुहरुले सबै क्षेत्रलाई समेट्न खोजे पनि लैङ्गिक समानता र सबै जातजाति र धर्मलाई एकतामा समेट्ने भावनाका पाठहरु नभएको देखिन्छ । त्यसैगरी 'ठूले र साने' जस्ता लोक कथाको ठाउँमा आधुनिक कथाकारको सामाजिक तथा लैङ्गिक विषयवस्तु समेटिएको एउटा आधुनिक कथा राखिएको भए राम्रो हुने देखिन्छ ।

यस पाठ्यपुस्तकमा राखिएका हिसाब शीर्षकको प्रबन्ध विद्यार्थीको स्तरभन्दा बढी माथिल्लो स्तरको भएको देखिन्छ । यसमा प्रस्तुत भएका भाषाशैली र शब्दहरु कक्षा ६ को स्तरभन्दा माथिको भएको विषयवस्तु बोझिलो भएकोले यो पाठ विद्यार्थीहरुमा दुर्बोध्य हुने देखिन्छ । त्यस्तै 'साँरौ र कमिलो' जस्तो पाठमा प्रयोग भएका हजम गर्नु जस्ता हिन्दी भाषाबाट आएका अप्रचलित शब्दले विद्यार्थीमा शाब्दिक कठिनाइ उत्पन्न गरेको देखिन्छ । त्यस्तै 'हिमाल' जस्ता प्रबन्धको ठाउँमा राष्ट्र निर्माता पृथ्वीनारायण शाहको जीवनी र उनको दिव्य उपदेशलाई पनि समेट्न सके अहिलेको सन्दर्भमा राम्रो हुने देखिन्छ ।

ख. विधा तथा प्रस्तुति

यस पाठ्यपुस्तकमा चारवटा कविता, चारवटा जीवनी, पाँचवटा कथा, पाँचवटा प्रबन्ध, दुईवटा चिठ्ठी, एउटा संवाद र एउटा वादविवाद गरी जम्मा बाइसवटा पाठहरु रहेका छन् । विधागत प्रस्तुतिका रूपमा रहेका यी पाठहरुलाई तलको तालिकामा देखाइएको छ ।

तालिका सङ्ख्या ४.१ विधा, पाठशीर्षक र सङ्ख्या

| क.सं. | विधा | पाठशीर्षकहरु | सङ्ख्या |
|---|---|---|---|
| १. | कविता | ईश्वर स्तुति, भानुभक्त श्रद्धाञ्जलि, राष्ट्रको अखण्डता, नेपाल आमाप्रति | ४ |
| २. | कथा | युक्तिसामु शक्ति टिक्दैन, ठुले र साने, टुहुरे मुसा र सेतो बिरालो, युधिष्ठिरको परीक्षा, सारौं र कमिलो | ५ |
| ३. | जीवनी | साहित्यकार भवानी भिक्षु, लुइ पाश्चर, महामानव गौतम बुद्ध, समाजसेवी तुलसी मेहर | ४ |
| ४. | वप्रबन्ध | सामाजिक मेल मिलाप, कृषिमल, वातावरणको रक्षा, हिमाल, गुरु शिष्यको सम्बन्ध | ५ |
| ५. | संवाद | आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ | १ |
| ६. | वादविवाद | सहरी जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ | १ |
| ७. | चिठ्ठी | पितासँग पुत्रको आग्रह, प्रधानाध्यापकलाई निवेदन | २ |

व्याख्या

यस पाठ्यपुस्तकमा समावेश गरिएका बाइसवटा पाठहरुमध्ये चारवटा कविता, पाँचवटा कथा, पाँचवटा प्रबन्ध, चारवटा जीवनी, एउटा संवाद, एउटा वादविवाद र दुईवटा चिठ्ठीहरु रहेका छन् । पद्यविधा अन्तरगत चारवटा कविता र गद्यविधा अन्तरगत अठारवटा पाठहरु रहेका छन् । यस पाठ्यपुस्तकमा कम्तीमा ७७ वाक्यको पाठ युक्तिसामु शक्ति टिक्दैन जस्ता गद्य पाठहरु र बढीमा १२० वाक्यसम्म रहेका पाठहरु रहेका छन् । हिमाल प्रबन्ध भने कक्षा ६ का विद्यार्थीहरुको स्तरभन्दा कठिन प्रतीकात्मक एवम् आलङ्कारिक शैली प्रयोग भएका छन् । लम्बाइका हिसाबले विधागत पाठहरु उपयुक्त नै देखिन्छन् ।

विधागत रखाइक्रमलाई हेर्दा कविता, कथा, प्रबन्ध, संवाद, जीवनी, कविता, कथा, प्रबन्ध, चिठ्ठी, कथा, वादविवाद, कविता, कथा, जीवनी, प्रबन्ध, जीवनी, प्रबन्ध, निवेदन, प्रबन्ध, कविता, जीवनी र कथा गरेर राखिएको छ ।

पाठ एकमा कविता ईश्वरस्तुति राखिएको छ भने चारवटा पाठपछि पुनः भानुभक्त श्रद्धाञ्जली कविता राखिएको छ । त्यस्तै पाँचवटा पाठपछि अर्को राष्ट्रको अखण्डता कविता राखी गद्य र पद्यको वितरणको क्रम यहाँसम्म मिलाइए पनि अन्तिम कविता 'नेपाल आमा प्रति' सातवटा गद्य पाठपछि राखिएको छ । यसले रखाइक्रमलाई क्रमभङ्ग भएको देखिन्छ । 'लुइपाश्चर' र 'महामानव गौतम बुद्ध' को जीवनी एक पाठको अन्तरमा राखिएकाले विधागत अन्तरमा ध्यान नपुगेको देखिन्छ ।

ग. भाषिक संरचना, शैली र शब्दभण्डार

संरचनागत रूपमा कक्षा ६ को हाम्रो नेपाली किताबमा प्रायः सरल वाक्यको प्रयोग भएको छ भने केही मिश्र वाक्य र संयुक्त वाक्यजस्ता जटिल वाक्यहरु प्रयोग भएका पाठहरु पनि छन् । अधिकांश वाक्यहरु सातदेखि अठार/बिस शब्दहरुबाट निर्मित छन् । कविताबाहेक प्रायजसो प्रत्येक पाठमा समास, सर्ग, द्वित्व शब्दको प्रयोग भएका छन् । त्यस्तै अनुकरणात्मक शब्दको प्रयोग पनि धेरै पाठमा प्रयोग भएका छन् ।

'ठुले र साने' पाठमा छवटा कठिन शब्द र सबैभन्दा बढी 'भानुभक्त श्रद्धाञ्जली' कवितामा तेइसवटा कठिन शब्दहरु समावेश गरिएको छन् । अन्य पाठहरुमा अध्ययन गर्दा पाठ सात 'ठुले र साने' कथा र पाठ अठार प्रधानाध्यापकलाई निवेदन बाहेक अन्य पाठमा नौदेखि तेइसवटासम्म कठिन शब्दहरु प्रयोग भएका छन् । कठिन शब्दहरुको पुनरावृत्ति भने कुनै पनि पाठमा भएको देखिदैन । यसरी संरचनागत दृष्टिले हेर्दा प्रस्तुत पाठयपुस्तकमा कक्षा ६ को विद्यार्थीहरुको स्तर अनुसार कठिन शब्दको रखाइक्रम उपयुक्त नै देखिन्छ ।

भाषाशैलीगत रूपले अध्ययन गर्दा पाठ सत्रमा रहेको 'हिमाल' शीर्षकको प्रबन्धमा भाषिक विचलन भएको देखिन्छ । जस्तै : *हिमालको सौन्दर्य पहाडी झर्नाहरुमा मिसिएर झर्मराउँछ सबभन्दा बढी त याक र चौरीहरुको बथानमा मिसिएर कतै धुपी कतै सल्ला कतै लालीगुराँस बनेर छरिन्छ । अनि डाँफे र मुनालसँगै बाँकी सौन्दर्य पनि छताछुल्ल पोखिन्छ ।* यी वाक्यहरुमा प्रयोग भएका छताछुल्ल, झरझराउँछ जस्ता प्रतीकात्मक रूपमा प्रयोग भएका शब्दले भाषिक जटिलता थपेको देखिन्छ । अर्कोतिर माथिको जस्तो आलाङ्कारिक प्रयोग भएका वाक्यले संरचनागत जटिलता थपिदिएको छ, जुन कक्षा ६ का विद्यार्थीका लागि स्तरगत हिसाबले उपयुक्त देखिँदैन ।

घ. नमुना अभ्यास

हाम्रो नेपाली किताब कक्षा ६ मा अभ्यासात्मक सन्तुलन गरिएको छ । जम्मा १४५ पृष्ठ मध्ये आधाभन्दा बढी ७५ पृष्ठमा अभ्यास भएकोले यो किताब अभ्यासमूलक बन्न गएको छ । कवितालाई लय हालेर पढ्ने, सच्याएर कपीमा सार्ने कठिन शब्दको अर्थ लेख्ने, वाक्यमा प्रयोग गर्ने खाली ठाउँ भर्ने सहनलेखन गर्ने, ठिक बेठिक छुट्याउने, बहुवैकल्पिक प्रश्न, जोडा मिलाउने, कथा लेखन गर्ने, चिठी लेख्ने, निवेदन लेख्ने जस्ता पर्याप्त भाषिक अभ्यासहरु यस भाषा पाठ्यपुस्तकमा रहेका छन् । प्रस्तुत पाठ्यपुस्तकमा सीपहरुलाई एक अर्कामा अन्तरसम्बन्धित गर्दै अभ्यास गराउने जमर्को यसले गरिएको छ । यसबाहेक विद्यार्थीहरुमा वर्णविन्यास सम्बन्धी नवीन धारणासँग परिचित गराउने खालका अभ्यासहरु पनि यस पाठ्यपुस्तकमा राखिएका छन् । सुनाइ सीपको स्पष्ट निर्देशन गर्ने अभ्यासहरु र उच्चारण सीप विकासका लागि पनि थप अभ्यासहरु राख्न सके राम्रो हुने देखिन्छ । यो पुस्तक पर्याप्त अभ्यासहरुले गर्दा एउटा अभ्यास पुस्तिका बन्न पुगेको छ । यसका साथै यो विद्यार्थी केन्द्री पनि बन्न गएको छ ।

ङ. चित्र

यस पाठ्यपुस्तकमा ३१ वटा जति चित्रहरु समाविष्ट छन् । एउटा पाठमा एकदेखि तिनवटासम्म चित्रहरुको वितरण गरिएको छ । चित्रहरु कुनै पनि रङ्गीन छैनन् । एकाध चित्र बाहेक धेरै चित्रहरु साधा भएपनि आकर्षक छन् । भाषिक सीप विकासमा यी चित्रहरु सहयोगी नै देखिन्छन् । ससाना कथा तथा सिर्जनात्मक वर्णनका लागि चित्रहरुको प्रयोग उपयुक्त देखिन्छ ।

'युक्तिसामु शक्ति टिक्दैन' भन्ने पाठ दुईको पृष्ठ तिनमा हात्तीको चित्र स्पष्ट छैन । 'सामाजिक मेल मिलाप' पाठमा दिइएको चित्र स्पष्ट छैन । त्यस्तै पाठ ६ मा 'भानुभक्त श्रद्धाञ्जली' कवितामा दिइएको आदिकवि भानुभक्तको अर्धकदको चित्रमा हातमा रामायण बोकेको बनाएर सुधार्नु पर्ने देखिन्छ । त्यस्तै 'कृषिमल' पाठमा पृष्ठ ४९ को चित्र स्पष्ट छैन । यसलाई स्पष्ट र रङ्गीन बनाउनु पर्ने देखिन्छ । 'डुहुरे मुसा र सेतो बिलारो' पाठमा दिइएको मुसाहरुको चित्र स्पष्ट छैन यसलाई रङ्गीन र स्पष्ट पार्नुपर्ने देखिन्छ । त्यस्तै पाठ १७ मा हिमाल शीर्षकको पाठमा प्रयोग भएको हिमाल र लाली गुराँसको चित्र स्पष्ट छैन । यो पाठमा दिइएको हिमालको चित्रमा सगरमाथा कञ्चनजङ्घा, मनास्लु, लोत्से र माछापुच्छ्रे हिमालका चित्र स्पष्ट र हिमाल र लाली गुराँसको चित्र रङ्गीन बनाउनु पर्ने देखिन्छ ।

च. भूमिका निर्देशन

हाम्रो नेपाली किताब कक्षा ६ को पाठ्यपुस्तकमा शिक्षकका लागि स्पष्ट निर्देशन वा भूमिका आएको देखिदैन । कुनै कनै सिर्जनात्मक अभ्यासमा भने विद्यार्थीहरुलाई निर्देशनको

रूपमा निर्देशन गरिएको छ । यो निर्देशन पठन पाठनका लागि सहयोगीका रूपमा भन्दा पनि अभ्यासात्मक यिाकलापको लागि मात्र आएको देखिन्छ । यस्तो भूमिका वा निर्देशन कुन पाठ कसरी शिक्षण गर्ने स्पष्ट निर्देशन र कवितामा कविको छोटो चिनारी कविताको मूलभावको बारेमा छोटो निर्देशन शिक्षकका लागि भनेर राखिएको भए राम्रो हुने देखिन्छ ।

छ. व्याकरण

हाम्रो नेपाली किताब कक्षा ६ मा कार्यमूलक व्याकरण भनेर छुट्टै व्याकरणको अभ्यासमूलक व्याकरण अभ्यास त राखिएको छैन । तर बालबालिकालाई व्याकरण सम्बन्धी अभ्यासहरु भनेर केही मात्रामा अभ्यासहरु राखिएका छन् । बीच बीचमा कालो छायाँ पारेर सेता अक्षरमा व्याकरण शीर्षक लेखी नाम, सर्वनाम, विशेषण, क्रिया विशेषण, क्रियायोगी समानार्थी, विपरीतार्थी, अनेकार्थी, शब्दको व्याकरण गत नियमसङ्गत हिसाबले राखिएका अभ्यासमा पृष्ठ २२ मा दिइएको श्रुतिसमभिन्नार्थक शब्द पृष्ठ ११३ को करण र अकरण शब्दहरु व्याकरणगत हिसाबले कक्षा ६ को स्तरभन्दा माथिको देखिन्छ ।

बाह्य पक्षको विश्लेषण

क. आवरण पृष्ठ

हाम्रो नेपाली किताब कक्षा ६ को आवरण पृष्ठ आधा रङ्गीन भएर कलात्मक रहेको छ । आवरण पृष्ठ अर्न्तगत मुखावरण भागमा सबैभन्दा माथि ३ इन्च जति ठाउँ छोडेर किताबको नाम ठुलो अक्षरमा लेखिएको छ । त्यसभन्दा तल कक्षा लेखी त्यसभन्दा तल शैक्षिक पक्ष र राष्ट्रियता झल्किने चित्रहरु दिइएका छन् । अन्त्यावरण पृष्ठमा बायाँपट्टि मुखावरण पृष्ठकै सानो आकार दिइएको छ । यसका साथै यस अन्त्यावरण पृष्ठमा कक्षा ६ को कक्षागत गीत छापिएको छ । अन्त्यमा प्रकाशन गर्ने संस्थाको नाम र ठेगाना दिइएको छ । यो किताबको आवरण पृष्ठ मोटो कागजले मोडे पनि प्लास्टिक कोडेड गरिएको छैन । समग्रमा मुखावरण पृष्ठ र अन्त्यावरण पृष्ठ उपयुक्त नै भए पनि प्लास्टिक कोडेट गर्न सके अझ राम्रो हुने देखिन्छ ।

ख. आकार

आकारका दृष्टिले यो पाठ्यपुस्तकको लम्बाइ ९ इन्च र चौडाइ ६.५ इन्च रहेको छ । यसमा १४० + ४ पृष्ठ सङ्ख्या रहेको छ । यसको आकार बालबालिकाको उमेर र स्तर अनुरूप सुहाउँदो र निम्न माध्यमिक तहका विद्यार्थीहरुका लागि बोक्न सजिलो भएपनि प्राथमिक तहका

लागि १२'' चौडाइ र १६'' लम्बाइ भएको र निम्न माध्यमिक तह र माध्यमिक तहका लागि १०'' चौडाइ र १३/१४'' लम्बाइ भएको किताब व्यावहारिक हुने विज्ञहरुको सुझावसँग यसको आकार तालमेल भएको देखिदैन । समग्रमा हेर्दा यसलाई झोलामा राखेर यताउति सजिलै बोकेर हिँड्न सक्ने गरी तयार पारिएको देखिन्छ ।

ग. छपाइ

हाम्रो नेपाली किताब कक्षा ६ को पाठ्यपुस्तकमा पाठशीर्षक, एकाइ, अभ्यास, शीर्षक, विधा शीर्षक आदिमा कालो रङ्गको छायाँ पारी सेतो रङ्गको अक्षरमा स्पष्ट लेखिएको छ । शीर्षक, उपशीर्षक आदिलाई कालो मसीले गाढा गरी चहक रूपमा रेखाङ्कित गरी ठूलो अक्षरमा लेखिएको छ । कागजको प्रयोगमा भने अलिक खस्रो खालको कागज प्रयोग गरिएको छ । कागजको दुईतिर ठाउँ छोडाइमा कमी गरेको पाइन्छ । पाठ सातको 'ठूले र साने'को पाठमा लेखिएको अक्षर मधुरो छापिएको छ । राष्ट्रको अखण्डता पाठ १५ को पाठमा प्रयोग भएको चित्र सबै जात जाति भाषा भाषीको प्रतिनिधित्व हुने खालको छैन । त्यसलाई सिङ्गो नेपालको चित्र र सबै जात जाति भाषा भाषिको प्रतिनिधित्व हुने चित्र राख्न सके कक्षा ६ का मसिना विद्यार्थीहरुमा सकारात्मक धारणा बसाल्न सकिने देखिन्छ । त्यस्तै पृष्ठ ५३ मा दिइएको चिठीको खामको नमूना र त्यसमा लेखिएको अक्षर स्पष्ट नभएको देखिन्छ । पृष्ठ ४५ को सिर्जनात्मक अभ्यासमा कालो भुई बनाइएको मसीको वितरण कम र मधुरो भएको त्यस्तै अक्षर पनि मधुरो र अस्पष्ट रहेको छ ।

घ. बँधाइ

हाम्रो नेपाली किताब कक्षा ६ को बँधाइमा धागोको प्रयोग गरिएको छैन । स्टेपल पीनको प्रयोग गरिएको छ । जसले गर्दा बीच भागका पाठहरुको छेउका अक्षर छोपिएको हुँदा र सबै भाग पूरै नपल्टिनाले सबै अक्षर पढ्न नसकिने स्थिति रहेको देखिन्छ । साथै धागोले सिएर बलियो बँधाइतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

ङ. कागजको स्तर

हाम्रो नेपाली किताब कक्षा ६ को पाठ्यपुस्तकमा प्रयोग भएको कागजको गुणस्तरमा त्यति ध्यान दिइएको छैन । यसमा प्रयोग भएको कागज खस्रो, मधुरो, सेतो, पातलो र लुलो किसिमको छ । विद्यार्थीहरुले पाना पल्टाउदा नै च्यातिने खालको कागज प्रयोग भएको देखिन्छ ।

आवरण पृष्ठ बाहेकका अन्य भित्री पृष्ठको कागज कम गुणस्तरको भएकाले यसतर्फ सुधार गर्नुपर्ने देखिन्छ ।

च. मूल्य

हाम्रो नेपाली पाठ्यपुस्तक कक्षा ६ को प्रकाशन नेपाल सरकार शिक्षा मन्त्रालय पा.वि.के.द्वारा प्रकाशन भएकाले यसको मूल्य तोकिएको छैन । यो पाठ्यपुस्तक देशभरका सामुदायिक विद्यालयमा निःशुल्क वितरण गर्ने नेपाल सरकारको नीति अनुसारको निर्णय बमोजिम लागु भएकाले यसको अगाडि भागको कुनै पनि पृष्ठ र अन्तिम भागको कुनै पनि पृष्ठमा मूल्य राखिएको छैन । मुखावरण पृष्ठदेखि पछाडि प्रकाशन भनेर गाढा अक्षरमा नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर मात्र लेखिएको छ । मूल्य तोकिएको छैन ।

हाम्रो नेपाली किताब कक्षा छका सबल पक्षहरु

हाम्रो नेपाली किताब कक्षा ६ मा धेरै सबल पक्षहरु पनि छन् । यसमा बालबालिकाको मनोविज्ञानलाई ख्याल गरी पाठ्वस्तु छनौट र स्तरणमा ध्यान दिइएको छ । विधागत प्रस्तुतिमा सन्तुलन मिलाउन खोजिएको छ । व्याकरणगत सचेतता अपनाइएको छ । यस्ता सबल पक्षलाई बुदाँगत रूपमा तल प्रस्तुत गरिएको छ :

(१) बालमनोविज्ञानलाई मध्यनजर गर्दै आकर्षक, रोचक र रमाइला विषयवस्तुको छनौट गरिएको छ,

(२) पाठ्यवस्तुको छनौट र स्तरणलाई ख्याल गरी विषयवस्तुलाई सरलबाट जटिलको क्रममा राखिएको छ,

(३) बालबालिकाको पूर्वअनुभव एवम् क्षमतालाई ख्याल गरी विषयवस्तु चयन गरिएको छ,

(४) प्रत्येक तिन/चारवटा पाठको फरकमा रोचक कथा वा कविता वितरण गरी भाषा सिकाइप्रति बालबालिकालाई आकर्षित गर्न खोजिएको छ,

(५) कर्तृवाच्यका वाक्यको अत्यधिक प्रयोग गरिएको छ,

(६) वर्णनात्मक शैलीको सरल प्रबन्धको उचित प्रयोग छ,

(७) विधागत पाठहरुलाई सरलदेखि जटिलको क्रममा राखिएको छ,

(८) प्रत्यक्ष कथन एवम् वर्णनात्मक शैलीको उचित प्रयोग छ,

(९) अभ्यासात्मक विविधता रहेको छ,

(१०) अक्षरको आकार, शब्दको अन्तराल एवम् अनुच्छेद गठन उपयुक्त रहेको छ,

(११) विधागत पाठ एवम् अभ्यासको बिचमा सन्तुलन कायम गरिएको छ,

(१२) पाठ शीर्षक, उपशीर्षक र अभ्यासका मूल प्रश्नहरुलाई गाढा बनाई आकर्षक बनाइएको छ,

(१३) भाषिक शुद्धाशुद्धिलाई धेरै हदसम्म कम गर्न छपाइका क्रममा सचेतता अपनाइएको छ,

(१४) भाषा शिक्षणलाई उपयोगी बनाउन चित्रहरु सहयोगी रहेका छन्,

(१५) अभ्यासहरुमा स्पष्ट निर्देशनको प्रयोग गरिएको छ,

(१६) बालबालिकाले झोलामा बोकेर यताउता लान सक्ने आकार रहेको छ,

(१७) सरल प्रकृतिको अभ्यासहरुको छनौट गरिएको छ ।

हाम्रो नेपाली किताब कक्षा छका दुर्बल पक्षहरु

हाम्रो नेपाली किताब कक्षा ६ को अध्ययन विश्लेषण गर्दा यस पाठ्यपुस्तकमा केही सकारात्मक पक्षहरु पनि छन् । जस्तो कि महामानव गौतम बुद्धको जीवनी, लुइपाश्चरको जीवनी, साहित्यकार भवानी भिक्षुको जीवनी जस्ता पाठहरुको ऐतिहासिक, सामाजिक, साहित्यिक पक्षलाई समेटेको छ । तर लैङ्गिक र धार्मिक सहिष्णुता जस्ता भावनाको विकास गराउने खालका पाठहरु नहुनु र यत्रो भाषा पाठ्यपुस्तकमा एउटा पनि आधुनिक कथाको पाठ नहुनु जस्ता बसका दुर्वल पक्षहरु पनि छन् । यस्ता दुर्बल पक्षलाई बुँदागत रूपमा तल दिइएको छ :

(१) लैङ्गिक समानता एवम् श्रमशीलता जस्ता भावनाको विकास गर्ने खालको विषयवस्तु नराखिएको,

(२) सांस्कृतिक एकता एवम् धार्मिक सहिष्णुताजस्ता विषयवस्तुलाई पनि पाठ्यपुस्तमा नराखिएको,

(३) आधुनिक कथा एउटा पनि नराखिएको,

(४) डुहुरे मुसा र सेतो बिलारो कथामा अतिरञ्जनात्मक विषयवस्तु भएको,

(५) हिमाल शीर्षकको प्रबन्धमा विद्यार्थीको स्तरभन्दा माथिको बिम्वात्मक तथा प्रतीकात्मक शब्दहरुको प्रस्तुति भएको,

(६) आवरण पृष्ठ र अन्त्यावरण पृष्ठ आकर्षक नभएको,

(७) कार्यमूलक व्याकरण भनेर छुट्टै अभ्यास राखी व्याकरण शिक्षणलाई प्राथमिकता दिनुपर्नेमा कार्यमूलक व्याकरणको अभ्यास नै नराखिएको,

(८) चाहिने भन्दा बढी अतिरञ्जनात्मक लोककथा राखेर लोक कथाको भाषा वैज्ञानिक महत्त्वको बेवास्ता गरिएको,

(९) बँधाइमा धागोको प्रयोग नगरिएको र पुस्तकको खोललाई प्लाष्टिक कोडेड नगरिएको,

(१०) कुनै पनि चित्रलाई रङ्गीन नगरिएको,

(११) शिक्षक र विद्यार्थीका लागि पाठमा स्पष्ट निर्देशन नदिइएको,

(१२) कवितामा कविको परिचय, छन्द, गण, संकेतको जानकारी नदिएको,

(१३) राष्ट्र निर्माता पृथ्वीनारायण शाहजस्ता राम्रा काम गर्ने राजाको जीवनीहरु नराखिएको,

(१४) नयाँ नेपालको गणतन्त्र, धर्मनिरपेक्षता र धार्मिक जातीय एकतालाई पनि समेट्ने पाठहरु नराखिएको ।

## नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको विश्लेषण

पाठ्यपुस्तकमा विषयवस्तु, विधागत प्रस्तुति, भाषिक संरचना, शैली र शब्दभण्डार, नमुना अभ्यास, चित्र, भूमिका वा निर्देशन, व्याकरण आदि आन्तरिक पक्ष एवम् आवरण पृष्ठ, आकार, छपाइ, बँधाइ, कागजको स्तर, मूल्य आदि बाह्य पक्ष रहन्छन् । यहाँ पाठ्यपुस्तकमा प्रयुक्त तिनै विविध तत्व वा अङ्ग अथवा आन्तरिक र बाह्य पक्षका आधारमा प्रस्तुत पुस्तकको विश्लेषण गरिएको छ ।

### आन्तरिक पक्षको विश्लेषण

क. विषयवस्तु

नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा पनि जम्मा २० वटा पाठहरु रहेका छन् । यी पाठका विषयवस्तुहरु धार्मिक, प्राकृतिक, नैतिक, सांस्कृतिक, लोक साहित्यिक, ऐतिहासिक, भौगोलिक, साहित्यिक, मनोरञ्जनात्मक, सन्देशमूलक एवम् कल्पनाशील रहेका छन् । कविताहरु भक्तिपरक (गुरु) मनोरञ्जनात्मक (स्वाभिमानी मुख) प्राकृतिक (खोला), आदि रहेका छन् भने लोक कथाहरुमा युक्तिसामु शक्ति टिक्दैन, युमोदेवीको कथा र साने र ठूले रहेका छन् । पौराणिक आध्यात्मिक कथाहरुमा युधिष्ठिरको परीक्षा र श्री कृष्णको पराक्रम रहेका छन् । लोक तथा नैतिक कथामा मानिस नै देवता कथा रहेको छ ।

प्रबन्धहरुमा सामाजिक भावना विकास गराउने, सामाजिक सद्भाव, कृषि तथा खेतीपाती, वातावरण सम्बन्धी, कृषि मलको प्रयोग, प्राकृतिक तथा वातावरणको संरक्षण सम्बन्धमा, वातावरणको रक्षा र साहित्य, कला र संस्कृति सम्बन्धी कलाको महत्त्व जस्ता प्रबन्धहरु रहेका छन् ।

त्यस्तै जीवनीहरुमा साहित्यिक, कलात्मक, सांस्कृतिक र वैज्ञानिक व्यक्तित्व सम्बन्धी जीवनीहरु मात्र राखिएका छन् । साहित्यकार भवानी भिक्षुको जीवनीले साहित्य र संस्कृति

सम्बन्धी, महान् वैज्ञानिक लुइपाश्चरको जीवनीबाट वैज्ञानिक आविष्कार सम्बन्धी त्यस्तै राष्ट्रिय विभूति शङ्धर साँख्वाको जीवनीबाट राष्ट्रिय व्यक्तित्व सम्बन्धी ज्ञान र धारणा दिने जीवनीहरु रहेका छन् । उक्त पाठ्यपुस्तकमा एउटा मात्र घरायसी चिठी 'दाजुलाई बहिनीको चिठी' घरायसी व्यवहारमा आधारित चिठी रहेको छ भने कार्यालय सम्बन्धी चिठीमा प्रधानाध्यापकलाई निवेदन रहेको छ । विधागत प्रस्तुतिका आधारमा हेर्दा धार्मिक, पौराणिक, वैज्ञानिक, सांस्कृतिक सबै क्षेत्रलाई समेटेर विधाहरु रहेका छन् । यस पाठ्यपुस्तकमा आएका संवाद र वादविवादले निम्न माध्यमिक विद्यालय तहका बालबालिकामा सिर्जनात्मकता विकास गराउने देखिन्छ । यस पाठ्यपुस्तकमा आएका कथाहरुमा पनि लोक पौराणिक विषयवस्तु समेटिएका जस्ता आधुनिक आदर्शवादी कथाहरु पनि राख्न सके राम्रो हुने देखिन्छ ।

ख. विधा तथा प्रस्तुति

कक्षा ६ को नेपाली भाषा पाठ्यपुस्तकमा कविता, कथा, प्रबन्ध, संवाद, जीवनी, चिठी, वादविवाद गरी ७ वटा विधालाई समेटेको पाइन्छ । यसलाई तल तालिकामा देखाइएको छः :

तालिका सङ्ख्या ४.२ विधा र विधागत पाठ शीर्षकहरु

| क.सं. | विधा | विधागत पाठहरु | सङ्ख्या |
|---|---|---|---|
| १. | कविता | क. गुरु<br>ख. खोला<br>ग. स्वाभिमानी मुख | ३ |
| २. | कथा | क. युक्तिसामु शक्ति टिक्दैन<br>ख. साने र ठूले<br>ग. युमादेवीको अवतरण<br>घ. युधिष्ठिरको परीक्षा<br>ङ. मानिस नै देवता<br>च. श्री कृष्णको पराक्रम | ६ |
| ३. | प्रबन्ध | क. सामाजिक सद्भाव<br>ख. कृषिमलको प्रयोग<br>ग. वातावरणको रक्षा | ४ |

| | | | |
|---|---|---|---|
| | | घ. कलाको महत्त्व | |
| ४. | जीवनी | क. साहित्यकार भवानी भिक्षु | ३ |
| | | ख. लुइपास्चर | |
| | | ग. राष्ट्रिय विभूति शंङ्खधर शाख्वा | |
| ५. | संवाद | क. भविष्यको योजना | १ |
| ६. | चिठी | क. दाजुलाई बहिनीको चिठी | १ |
| ७. | निवेदन | प्रधानाध्यापकलाई निवेदन | १ |
| ८. | वादविवाद | क. सम्पत्तिभन्दा शिक्षा ठूलो | १ |

## व्याख्या

यस भाषा पाठ्यपुस्तकमा आठवटा विधाका बिसवटा पाठहरु राखिएका छन् । जसअर्न्तगत तिनवटा कविता, छवटा कथा, चारवटा प्रबन्ध, तिनवटा जीवनी, एउटा संवाद, एउटा निवेदन र एउवटा वादविवाद रहेका छन् । पद्य विधाअर्न्तगत जम्मा तिनवटा मात्र कविताहरु रहेका छन् भने गद्य विधा अर्न्तगत सात विधाका सत्रवटा पाठहरु रहेका छन् ।

यस भाषा पाठ्यपुस्तकमा वाक्यहरुको संरचनागत पक्षलाई हेर्दा सात शब्ददेखि पच्चिसवटा शब्दसम्मका वाक्यहरु संरचित भएका पाइन्छन् । ‘सम्पत्तिभन्दा शिक्षा ठूलो’ भन्ने वादविवादात्मक पाठमा प्रयोग भएका शब्दहरु कुनै कुनै कठिन र स्तरभन्दा माथि रहेका छन् । त्यस्तै वैज्ञानिक लुइपास्चरको जीवनीमा प्रयोग भएका प्राविधिक शब्दहरु पनि ६ कक्षाका विद्यार्थीहरुको स्तरभन्दा माथि रहेको देखिन्छ । यस भाषा पाठ्यपुस्तकमा प्रयोग भएका जीवनीहरुमा पनि ‘साहित्यकार भवानी भिक्षु’ र ‘शङ्खधर शाख्वाँ’ शीर्षक पाठहरु भने स्तर अनुकुल नै देखिन्छन् ।

यस भाषा पाठ्यपुस्तकमा विधाहरुको रखाइक्रमलाई हेर्दा कविता, कथा, प्रबन्ध, संवाद, जीवनी, चिठी, वादविवाद र निवेदन रहेका छन् । तुलनात्मक रूपमा हेर्दा पद्य (कविता) विधा भन्दा गद्य विधा बढी राखिएका छन् । पाठहरुको रखाइलाई हेर्दा सुरुमा गुरु कविता र अन्त्यमा श्री कृष्णको पराक्रम जस्ता रोचक पौराणिक कथालाई राखिएको छ । महत्त्वपूर्णको हिसाबले

राष्ट्रिय विभूति शंङ्खधर शाख्वाँको पाठलाई पाठ सोरतिर लगेर राख्नु अलिक अव्यावहारिक देखिन्छ ।

ग. भाषिक संरचना, शैली र शब्दभण्डार

वाक्य संरचनामा के कति शब्द एउटा वाक्यमा वितरण गर्ने भन्ने निश्चितता यो भाषा पाठ्यपुस्तकमा पाइदैन । जटिल संरचनाको संयुक्त र मिश्र वाक्यदेखि सरल वाक्य समेतको संयोजन भएको पाइन्छ । कम्तीमा आठवटा शब्द भएका 'गुरु' कविताको वाक्यदेखि बढीमा 'कृषि मल' प्रबन्धमा एककाइसवटा शब्दसम्म भएका वाक्यहरु रहेका छन् । यस भाषा पाठ्यपुस्तकमा लेखकले ३१० जति कठिन शब्दार्थ शिक्षण गर्ने जमर्को गरेका छन् । विभिन्न पाठहरुमा पाँचदेखि पच्चिस/तिसवटासम्म कठिन शब्दहरु समावेश गरिएका छन् । तर निम्नमाध्यमिक विद्यालयतहका बालबालिकाहरुका लागि औषतमा अठार/बिसभन्दा बढी कठिन शब्दहरु नराख्नु नै बढी सान्दर्भिक हुने देखिन्छ । त्यस्तै विभिन्न पाठमा प्रयोग भएका शब्दहरु जस्तै पाठ चौधको 'लुइपाश्चर' पाठको पाश्चरीकरण, कीटाणु सिद्धान्त पाठ तेरमा प्रयोग भएको अग्निकवच, त्यस्तै आत्मबोध शब्दहरु स्तरभन्दा कठिन खालको प्रयोग भएका छन् । त्यस्तै समस्त शब्दको बढी प्रयोगले भाषा थप जटिल बन्न पुगेको देखिन्छ भने कठिन शब्द प्रयोगमा पनि यो भाषा पाठ्यपुस्तकमा नियन्त्रणको अभाव देखिन्छ ।

घ. नमूना अभ्यास

यस भाषा पाठ्यपुस्तकमा पाँचदेखि दसवटासम्म अभ्यासात्मक प्रश्नहरु राखिएका छन् । सङ्क्षिप्त उत्तर दिने उच्चारण गर्ने, खाली ठाउँ भने, लय हाल्ने, वाक्य गठन गर्ने, चित्रमा रङ्ग भर्ने, जोडा मिलाउने, ठीक, बेठीक छुट्टयाउने, वर्णविन्यास मिलाउने शब्द निर्माण गर्ने, चिठी लेखन गर्नेजस्ता अभ्यासहरु राखिएका छन् । व्याकरण शिक्षण गर्नका लागि कार्यमूलक व्याकरण भनेर यो भाषा पाठ्यपुस्तकमा छुट्टै अभ्यासात्मक क्रियाकलापहरु राखिएका छन् । १४६ पृष्ठ लामो यो भाषा पाठ्यपुस्तकमा ७९ पृष्ठभन्दा पनि बढी यसमा अभ्यासात्मक क्रियाकलाप भएकाले यो भाषा पाठ्यपुस्तक अभ्यासात्मक रहेको छ । सुरुको पाठबाट नै समस्त शब्दको ज्ञान गराउन खोजिएको छ । त्यस्तै नाम, सर्वनाम जस्ता व्याकरणात्मक ज्ञानको धारणा सुरुमा पाठबाट नै दिन खोजिएको छ । सिर्जनात्मक अभ्यासमा पनि कथा लेखन, अनुच्छेद लेखन, कविता लेखन, चिठी लेखन जस्ता अभ्यासात्मक कार्य राखेर सिर्जनशील अभ्यासमा पनि यो पाठ्यपुस्तक तहगत रूपमा सकारात्मक धारणा दिन खोजेको छ । अभ्यासात्मक क्रियाकलापलाई हेर्दा बोलाइ र सुनाइ सीप अन्तरगतका अभ्यासहरुको कमी रहेको छ । तुलनात्मक रूपमा पढाइ

र लेखाइ सीपका अभ्यासहरु यथेष्ट रहेको छ । सिर्जनात्मक एवम् रचनात्मक अभ्यासमा भने यसमा पर्याप्त अभ्यासहरु दिइएको देखिन्छ । भाषिक सीप विकासको चारवटै पक्षहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई आवश्यकता अनुसार यो भाषा पाठ्यपुस्तकले समेटेको देखिन्छ ।

ङ. चित्र

यस भाषा पाठ्यपुस्तकमा जम्मा बाइसवटा चित्रहरु राखिएका छन् । सबै चित्रहरु सादा रहेकाले पाठ्यपुस्तकमा यी चित्रहरु आकर्षक खालका छैनन् । पृष्ठ नं. ४५ को वातावरणको रक्षा पाठको चित्र स्पष्ट छैन । सामाजिक सद्भाव पाठका चित्रहरु आकर्षक र स्पष्ट भए पनि रङ्गीन छैनन् । यिनलाई रङ्गीन बानाएको भए राम्रा देखिने थिए । त्यस्तै पृष्ठ ३९, ५४, ९५, ११९ र ११२ का चित्रहरु अस्पष्ट र मधुरा छन् भने पृष्ठ नं. ११२ को राष्ट्रिय विभूति शङ्खधर शांख्वा र पृष्ठ नं. ११९ को बाघ र डमरु कथाको चित्र स्पष्ट छैनन् । किनकि त्यहाँ बघिनी र डमरुको कथामा वर्णन गरिएको छ तर चित्रमा स्पष्ट डमरु र बघिनीको चित्र देखाइएको छैन । पृष्ठ नं. ३९ को खोलाझर्ना र खोचँ हुँदै समथर भुभागबाट समुद्रा तिर झरेको देखाउनु पर्नेमा यो चित्र सान्दर्भिक देखिदैन । अन्य बाँकी चित्रहरु सान्दर्भिक, उपयुक्त बालबालिकाको सिकाइप्रति रुचि जागरण गराउने प्रकृतिका नै छन् तर रङ्गीन बनाउन सके अझ राम्रो र आकर्षक हुने देखिन्छ ।

च. भूमिका निर्देशन

यस भाषा पाठ्यपुस्तकमा पनि शिक्षकलाई स्पष्ट रूपमा तोकेर भूमिका वा निर्देशन दिइएको छैन । विशेष गरी अभ्यासको बिच बिचमा सुझावको रूपमा केही निर्देशन र सिर्जनात्मक अभ्यासमा सुझावको रूपमा केही निर्देशन गरिएको पाइन्छ । कार्यमूलक व्याकरणमा पढ, बुझ र गर अनि शिक्षकलाई देखाऊ भनेर केही निर्देश गरेको पाइन्छ । त्यसले प्रभावकारी भाषा शिक्षणमा सहयोग पुऱ्याउने नै देखिन्छ । तर पनि विशेष कविता शिक्षणमा शिक्षकका लागि भनेर छन्द, लय, बोध र मूलभावका बारेमा थोरै निर्देशन हुनुपर्ने र कथा, जीवनी र सिर्जनात्मक शिक्षणमा पनि शिक्षकलाई निर्देशन भए शिक्षकले कक्षा क्रियाकलाप गराउन सजिलो हुने र प्रभावकारी शिक्षण सिकाइको लागि पनि उपयोगी हुने थियो । आगामी दिनमा उक्त कुराको सुधार गर्नुपर्ने देखिन्छ ।

बाह्य पक्षको विश्लेषण

क. आवरण पृष्ठ

नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ को आवरण पृष्ठ रङ्गीन छ । मुखावरण पृष्ठमा माथि एक इन्च जति सेतो भुइँमा दुईवटा गाडा रातो रेखा तानिएको छ र बाँयातिरको माथि छेउबाट आधा इन्च छाडेर ६ अङ्क लेखिएको छ ।

बीचमा केन्द्रीकृत गरेर रङ्गीन अक्षरमा मुखावरण पृष्ठको बिच भागमा किताबको नाम नेपाली लेखिएको छ । त्यसदेखि तल आधा इन्च तल बाँयातिर कालो धब्बा अक्षरमा कक्षा ६ लेखिएको छ । मुखावरण पृष्ठको अन्तमा सेतो भुइँमा फेरि दुईवटा राता धर्काहरु कोरिएका छन् । यो भाषा पाठ्यपुस्तकको अन्त्यावरण पृष्ठमा बिचमा रातो फुस्रो भुइँमा कालो अक्षरले कक्षा ६ को कक्षागत गीत लेखिएको छ । पृष्ठको अन्त्यमा मुद्रक तथा वितरकको नाम लेखिएको छ भने मूल्य रु. लेखी कालो भुइँ छायाँ पारेर खाली छाडिएको । पृष्ठको दाहिने भागको तल प्रकाशकको नाम ठेगाना लेखिएको छ । अन्त्यावरण पृष्ठ आकर्षक हुन सकेको छैन । त्यहाँ छापिएका कक्षागत गीत पनि अस्पष्ट छ । मुद्रक तथा वितरक र प्रकाशकको नाम पनि अस्पष्ट छ । यसलाई स्पष्ट गर्नुपर्ने र मुखावरण पृष्ठमा हिमाल, पहाड, तराइ जस्तो नेपाल राष्ट्र झल्काउने चित्र र त्यहाँ मसिना विद्यार्थीहरुको चित्र राख्न सके राष्ट्रियता र शिक्षालाई एकसाथ देखाउन सकिने थियो भने पुस्तक पनि मनोवैज्ञानिक रूपमा आकर्षक हुने देखिन्छ ।

ख. आकार

यो कक्षा ६ को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको लम्बाइ ९" इन्च र चौडाइ साडे ६ इन्च जति रहेको छ । यस पाठ्यपुस्तकमा जम्मा १४६ + ३ पृष्ठ रहेका छन् । आकार प्रकारको हिसाबले यो पाठ्यपुस्तक नि.मा.वि. तहका बालबालिकाका लागि उपयुक्त नै छ साथै स्तर अनुरूप बालबालिकाको उमेर अनुसार उपयुक्त नै देखिन्छ । यो पुस्तक झोलामा राखेर बोक्न मिल्ने गरी नै तयार पारिएको छ ।

ग. छपाइ

कक्षा ६ को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको पाठ शीर्षक र अभ्यास लेखिएको ठाउँलाई मात्र गाढा बनाइएको छ । अभ्यासका मुख्य शीर्षकहरुलाई पनि गाढा गर्नुपर्ने देखिन्छ । विभिन्न पृष्ठमा मसीको वितरणमा कमी कमजोरी भएको देखिन्छ । पृष्ठ १४२ मा श्री कृष्णको पराक्रम पाठको छपाइ अलिक स्पष्ट देखिँदैन । त्यसलाई स्पष्ट पार्नुपर्ने देखिन्छ । अन्य पृष्ठमा भने मसीको वितरण उपयुक्त नै देखिन्छ ।

घ. बँधाइ

नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ को पुस्तक बँधाइमा स्टेपल पिनको मात्र प्रयोग गरिएको छ । नि.मा.वि. तह भए पनि कक्षा ६ का बालबालिकाहरु भरखरै प्रा.वि. तह पार गरेर आएका ससाना नै हुने भएकाले स्टेपल पिनको मात्र प्रयोगले किताबको टिकाउपन राम्रो नहुने सुरुको दुई तीन महिनामा नै विद्यार्थीहरुले गाता उक्काउने च्यात्ने सम्भावना भएको देखिन्छ । स्टेपल पिनको प्रयोगका साथै धागोले सिउनु नै उचित हुन्छ । बँधाइले गर्दा छेउको अक्षर यस पाठ्यपुस्तकमा छोपिएको देखिन्छ । पुनः अर्को संस्करणमा यसतर्फ ध्यान दिई यो बधाइमा अक्षर नछोपिन कुराको प्रयास गर्नुपर्ने देखिन्छ ।

ङ. कागजको स्तर

भाषा पाठ्यपुस्तक कक्षा ६ को पुस्तकमा प्रयोग भएको कागज केही हदसम्म सेतो भए पनि चिल्लो र सफा पनि भएको देखिदैन । कागज केही मात्रामा गुणस्तरहीन खस्रो भएकाले सामान्य प्रयोगमा नै च्यातिने दोब्रिने र खुम्चिने देखिन्छ । यसतर्फ सुधार गर्नुपर्ने देखिन्छ । आवरण पृष्ठको कागज तुलनात्मक रूपमा अलिक बाक्लो र मोटो भए राम्रो हुने देखिन्छ ।

च. मूल्य

नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ को मुखपृष्ठदेखि भित्रको पृष्ठमा प्रकाशक भनेर नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर, सर्बाधिकार पाठ्यक्रम विकास केन्द्र र संस्करणहरु लेखिएका छन् । पृष्ठको तल्लो भागमा मुद्रक संस्थाहरुको नाम लेखिएको छ मूल्य दिइएको छैन । अन्त्यावरण पृष्ठमा कक्षागत गीतदेखि मुनि मुद्रक र प्रकाशकको नाम दिएर ठुलो अक्षरमा मूल्य रु. लेखेर कालो धब्बा पारेर खाली छोडिएको छ । नेपाल सरकार शिक्षा मन्त्रालयबाट यो पुस्तक निःशुल्क वितरण गरिने भएकाले पनि यसमा मूल्य तोकिएको छैन ।

नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छका सबल पक्षहरु

*नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छ*मा धेरै सबल पक्षहरु पनि छन् । यसमा बालबालिकाको मनोविज्ञानलाई ख्याल गरी पाठ्यवस्तुको छनौट र स्तरणमा ध्यान दिइएको छ । विधागत प्रस्तुतिमा सन्तुलन मिलाउन खोजिएको छ । व्याकरणगत सचेतता अपनाइएको छ । यस्ता सबल पक्षलाई बुदाँगत रूपमा तल प्रस्तुत गरिएको छ :

(१) विषयवस्तुहरु बालबालिकाको अनुभव क्षेत्र र वातावरणीय सेरोफेरोबाट लिइएको छ,

(२) बालोपयोगी रोचक एवम् मनोरञ्जनात्मक विषयवस्तुको छनौट गरिएको छ,

(३) विषयवस्तुहरु सूचनामूलक, बौद्धिक एवम् कल्पनाशील रहेका छन्,

(४) विषयवस्तुलाई सरलदेखि जटिल क्रममा राखिएको छ,

(५) भाषिक सीपहरुलाई एक अर्कामा अन्तर सम्बन्धित गरी अभ्यासहरुको छनौट गरिएको छ,

(६) अभ्यासहरु सरल प्रकृतिका रहेका छन्,

(७) बालबालिकाको क्षमता एवम् स्तर अनुकुल शब्दभण्डार क्षमताको विकास गर्ने जमर्को गरिएको छ,

(८) व्याकरण शिक्षणलाई प्रभावकारी बनाउन छुटै कार्यमूलक व्याकरणको अभ्यास राखिएको छ,

(९) पढाइ र लेखाइ सीप विकास सम्बन्धी अभ्यासहरुको बढी प्रयोग गरिएको छ,

(१०) वैज्ञानिक एवम् विज्ञान प्रविधिलाई समेटेर विषयवस्तु चयन गरिएको छ,

(११) सांस्कृतिक एवम् कला पक्षलाई समेत समेटेर राष्ट्रिय विभूति शङ्खधर साँख्वाजस्ता सान्दर्भिक विषय वस्तुलाई समेटेर पाठ राखिएका छ,

(१२) विषयवस्तुलाई सरलदेखि जटिलको क्रममा राखिएको छ,

(१३) अभ्यासहरु बालबालिकाको स्तर अनुकूल सरल प्रकृतिका रहेका छन्,

(१४) रुचिपूर्ण एवम् मनोरञ्जनात्मक विषयवस्तुको छनौट गरिएको छ,

(१५) किताबको आकार बालबालिकाको स्तर सुहाउँदो रहेको छ,

(१६) पाठशीर्षक, उपशीर्षक, एवम् अभ्यासको छपाइमा मसीको उचित वितरण गरिएको छ,

(१७) पाठको सन्दर्भ र उद्देश्यसँग सम्बन्धित चित्रहरुको प्रयोग गरिएको छ,

(१८) बालोपयोगी सरल विधाहरुको छनौट गरिएको छ,

(१९) बालबालिकाको सिर्जनात्मक प्रतिभाको प्रस्फुटन गर्ने खालका सरल, कल्पनाशील सिर्जनात्मक अभ्यासहरुको चयन गरिएको छ,

नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छका दुर्बल पक्षहरु

नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा धेरै सकारात्मक पक्षहरु देखिए पनि लैङ्गिक समानता जनाउने र धार्मिक सहिष्णुता जनाउने खालका पाठहरु नहुनु जस्ता यसका दुर्बल पक्षहरु रहेका छन् । यस्ता दुर्बल पक्षलाई बुँदागत रूपमा तल देखाइएको छ :

(१) लैङ्गिक भावना, र लैङ्गिक समानतालाई समेटेर विषयवस्तु नराखिएको,

(२) 'कलाको महत्त्व' पाठमा भाषिक विचलन भएको र स्तरभन्दा माथिका शब्दहरु प्रयोग भएको,

(३) कविता विधालाई कम महत्त्व दिइएको, २० वटा पाठ स्तरण गरिएको पुस्तकमा मात्र तीन

वटा कविता राखिएको,

(४) राष्ट्रकवि माधव घिमिरेको राष्ट्रनिर्माता खण्डकाव्यको राष्ट्रको अखण्डता कवितांश हटाइएको,

(५) आधुनिक कथा नराखिएको,

(६) पुरानै भ्रामक किवंदन्ती मिसिएका 'ठूले र साने' 'चतुदन्त हात्तीको कथा' आदि सामग्री राखिएका,

(७) 'भूमादेवीको अवतरण' जस्तो कथामा वर्णित देवी र राजाका चित्र विद्यार्थीमा धाराणत्मकरूपमा ज्ञान दिन सहयोगी हुने भए पनि पाठमा नराखिएको,

(८) 'श्रीकृष्णको अवतार' जस्तो पाठ विद्यार्थीको स्तरभन्दा लामो भएको,

(९) बँधाइमा धागोको प्रयोग नगरिएको,

(१०) चित्रहरु सबै साधा रहेका केही चित्रहरु मधुरो र अस्पष्ट देखिएका,

(११) राष्ट्रिय एकता र सञ्चारको ज्ञान दिने खालको विषयवस्तु नराखिएको,

(१२) धर्म निरपेक्ष, गणतन्त्र जस्तो देशको बदलिंदो परिस्थितिको ज्ञान गराउने विषयवस्तु नराखिएको,

(१३) कविता विधा अन्य विधाका तुलनामा थोरै राखिएको र स्तरणमा पनि सन्तुलन नमिलेको,

(१४) कागजको स्तर खासै राम्रो नभएको,

(१५) तुलनात्मक रूपमा हाम्रो नेपाली किताबको भन्दा नयाँ नेपाली भाषा पाठ्यपुस्तकको कागज पातलो र खस्रो भएको,

(१६) मुखावरण र अन्त्यावरण पृष्ठलाई प्लास्टिक कोटेड नगरिएको,

(१७) पाठ १२ को 'स्वाभिमानी मुख' कविता स्तरभन्दा माथि भएको र शीर्षक र पाठ्यवस्तुमा तालमेल नमिलेको,

(१८) महामानव गौतम बुद्धको जीवनी नराखिएको,

(१९) पाठ ४ को 'भविष्यको योजना' शीर्षकको पृष्ठ २९ को छपाइ मधुरो रहेको ।

## निर्धारित पाठ्यपुस्तकहरुको तुलनात्मक विश्लेषण

### विषय प्रवेश

भाषा पाठ्यपुस्तकको अध्ययन तथा विश्लेषण गर्ने कार्य आफैँमा जटिल कार्य मानिन्छ । यसका साथै पाठ्यपुस्तकको अध्ययन तथा विश्लेषण गर्ने कार्य झनै अप्ठेरो र गाह्रो मानिन्छ ।

एउटै पाठ्यक्रमको आधारमा तयार पारिएको एउटै कक्षाका भिन्न पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गर्ने कार्य त्यो भन्दा पनि गाह्रो कार्य हो । तसर्थ यस अध्ययनबाट एउटै प्रयोजनका लागि तयार पारिएका यी पाठ्यपुस्तकहरुमा विषय वस्तु विधा र प्रस्तुति, भाषिक संरचना, शैली र शब्द भण्डार नमूना अभ्यास, चित्रका दृष्टिले के कति समानता र के कति असमानता छन ? नी हेर्ने जमर्को गरिएको छ । यसका साथै भाषा पाठ्यपुस्तक निर्माणको बाह्य पक्षलाई पनि तुलनाको आधार बनाइएको छ ।

आन्तरिक आधारमा दुवै भाषा पाठ्यपुस्तकको तुलनात्मक विश्लेषण

क. विषयवस्तु

हाम्रो नेपाली किताब कक्षा ६ मा लोकसाहित्यिक, सामाजिक, प्राकृतिक, सांस्कृतिक, सूचनामूलक, पौराणिक, नौतिक, आदि क्षेत्रबाट विषयवस्तुहरु लिइएका छन् । यी विषयवस्तुहरु सन्देशमूलक, उपदेशमूलक, सूचनामूलक, मनोरञ्जनात्मक एवम् कल्पनाशील रहेका छन् । हाम्रो नेपाली किताब कक्षा ६ का कविताहरु पौराणिक (इश्वर स्तुति) नैतिक (भानुभक्त श्रद्धाञ्जली) नैतिक तथा आदर्शात्मक (राष्ट्रको अखण्डता) सांस्कृतिक (नेपाल आमाप्रति) आदि रहेका छन् । त्यसैगरी प्रबन्धहरुमा सामाजिक सद्भाव जगाउनेमा (सामाजिक मेल मिलाप), कृषि तथा प्रविधि सम्बन्धी (कृषिमल), वातावरण प्रदूषण सम्बन्धी (वातावरणको रक्षा), प्राकृतिक सम्पदा सम्बन्धी ( हिमाल), सांस्कृतिक सम्बन्धी (गुरुशिष्यको सम्बन्ध) आदि रहेका छन् । त्यस्तै रूपक विधाको संवादको विषयवस्तुहरु, सन्देशमूलक, ज्ञानवर्धक, कल्पनाशील जस्ता पक्षलाई समेट्ने प्रकृतिका छन् । त्यस्तै तुलनात्मक रूपमा हेर्ने हो भने हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा कविता विधा सङ्ख्यागत रूपमा कम छ । हाम्रो नेपाली किताब कक्षा ६ मा ४ वटा कविता राखिएका छन् भने नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ मा ३ वटा वटा मात्र कविताहरु राखिएका छन् । तुलनात्मक रूपमा हाम्रो नेपाली किताबमा राखिएका राष्ट्रको अखण्डता जस्ता महत्त्वपूर्ण कविताहरु यहाँ नयाँ नेपाली भाषा पाठ्यपुस्तमा राखिएका छन् । त्यस्तै हाम्रो नेपाली कतिबमा महामानव गौतम बुद्धको जीवनी सान्दर्भिक रूपमा राखिएका छ तर नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा राष्ट्रिय विभूति शङ्धर शाख्वाको जीवनी राखिए पनि वर्तमान समयमा पनि सान्दर्भिक रहेको शान्तिको प्रर्वतक महामानव गौतम बुद्धको जीवनी हटाइएका छ । अन्य विषयवस्तुहरु भने दुबै पाठ्यपुस्तकमा प्राय : समान नै रहेका छन् । आधुनिक कथालाई भने दुबै पाठ्यपुस्तकमा राखिएका छैनन् । यी दुबै भाषा पाठ्यपुस्तकको विषयवस्तु र यिनको क्षेत्रलाई तलको तालिकामा यसरी देखाइएको छ ।

तालिका सङ्ख्या ४.३ विषयवस्तुको क्षेत्र

| विधाहरु | हाम्रो नेपाली किताब कक्षा ६ | वर्तमान नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ |
|---|---|---|
| कविता | ईश्वर भक्ति, नैतिक, देशभक्ति, सांस्कृतिक | सांस्कृतिक, प्राकृतिक र मनोरञ्जनात्मक |
| कथा | लोकसाहित्यिक, पौराणिक, सांस्कृतिक, नैतिक मनोरञ्जनात्मक, उपदेशमूलक, सन्देशमूलक | लोकसाहित्यिक, पौराणिक, मनोरञ्जनात्मक, सन्देशमूलक |
| प्रबन्ध | सामाजिक, वातावरणीय, प्राकृतिक, सांस्कृतिक | सामाजिक, प्राकृतिक, सांस्कृतिक, वातावरणीय |
| जीवनी | साहित्यिक, धार्मिक, सामाजिक, वैज्ञानिक | सांस्कृतिक, सामाजिक, वैज्ञानिक |
| रूपक संवाद | सांस्कृतिक, सूचनामूलक | मनोरञ्जनात्मक, सूचनामूलक |
| चिठी | घरायसी, व्यावहारिक | घरायसी, व्यावहारिक |

व्याख्या

यसरी हाम्रो नेपाली किताब कक्षा छमा ईश्वर भक्ति, नैतिक विषयका कविता राखिएका छन् भने नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छमा मनोरञ्जनात्मक र प्राकृतिक विषयका कविता राखिएका छन् अनि दुवैमा सांस्कृतिक विषयका कविता रहेका छन् । पहिलो पुस्तकमा लोकसाहित्यिक, पौराणिक, सांस्कृतिक, नैतिक मनोरञ्जनात्मक, उपदेशमूलक, सन्देशमूलक तथा दोस्रो पुस्तका लोकसाहित्यिक, पौराणिक, मनोरञ्जनात्मक, सन्देशमूलक कथा राखिएका छन् । पहिलो पुस्तकमा साहित्यिक, धार्मिक, सामाजिक, वैज्ञानिक तथा दोस्रो पुस्तकमा सामाजिक, प्राकृतिक, सांस्कृतिक, वातावरणीय विषयका प्रबन्ध राखिएका छन् । पहिलो पुस्तकमा साहित्यिक, धार्मिक, सामाजिक, वैज्ञानिक तथा दोस्रो पुस्तकमा सांस्कृतिक, सामाजिक, वैज्ञानिक विषयका

जीवनी राखिएका छन् । पहिलो पुस्तकमा सांस्कृतिक, सूचनामूलक दोस्रो पुस्तकमा मनोरञ्जनात्मक, सूचनामूलक रुपक/संवाद राखिएका छन् ।

ख. व्याकरण

हाम्रो नेपाली किताब कक्षा ६ मा कार्यमूलक व्याकरण भनेर व्याकरणको छुट्टै अभ्यासमूलक अभ्यास त राखिएको छैन । तर बालबालिकालाई व्याकरण सम्बन्धी अभ्यासहरु भने केही मात्रामा भए पनि राखिएको छ । बिचबिचमा कालो छायाँ पारेर सेता अक्षरमा व्याकरण शीर्षक लेखी, नाम, सर्वनाम, विशेषण, क्रिया विशेषण, क्रियायोगी, समानार्थी, विपरीतार्थी, अनेकार्थी, शब्दहरुको व्याकरणगत, नियमसंगत हिसाबले अभ्यस्त पार्न खोजिएको छ । यसरी व्याकरणगत अभ्यासमा पृष्ठ ६२ मा दिइएको श्रुतिसमभिन्नार्थक शब्द र पृष्ठ ११३ को कारक व्याकरण शब्दहरु व्याकरणगत हिसाबले कक्षा ६ को स्तरभन्दा माथिको देखिन्छ ।

माथि देखाइएका दुबै भाषा पाठ्यपुस्तकमा विषयवस्तुहरु एक अर्कामा मिल्दाजुल्दा र कतिपय भिन्न प्रकृतिका पनि छन् । दुबै भाषा पाठ्यपुस्तकमा लोकजीवन, सांस्कृतिक, प्राकृतिक, सूचनामूलक एवम् वर्णनात्मक प्रकृतिका पाठहरु रहेका छन् । हाम्रो नेपाली किताबमा राखिएका पाठहरु वातावरण, पौराणिक, क्षेत्रबाट लिइएका छन् भने नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका 'राष्ट्रिय विभूति शङ्खधर साँख्वा जस्ता पाठले वर्तमान सन्दर्भमा सान्दर्भिक सांस्कृतिक पक्षलाई समेटेको पाठ पनि राखिएका छन् ।' हाम्रो नेपाली किताबमा भन्दा नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ मा राखिएका पाठहरु सरल, रोचक र ज्ञानबर्द्धक रहेका छन् । जस्तै हाम्रो नेपाली किताबमा भएको हिमाल शीर्षकको पाठ जटिल भाषिक संरचना भएको छ भने नेपाली भाषा पाठ्यपुस्तकमा त्यस्ता पाठहरु राखिएका छैनन् । त्यसका अलावा कलाको कौशल जस्ता प्रबन्ध सरल भाषिक संरचना भएका प्रबन्धसँग रहेका छन् ।

ग. विधा र प्रस्तुति

हाम्रो नेपाली किताब कक्षा ६ र नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा सामाजिक विधागत पाठहरुको विवरण निम्नानुसार रहेका छ ।

तालिका सङ्ख्या ४.४ विधागत विवरण

| क्र.सं. | विधा | हाम्रो नेपाली किताब कक्षा ६ | नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | कविता | ४ | ३ |
| २. | कथा | ५ | ६ |
| ३. | प्रबन्ध | ५ | ४ |
| ४. | निबन्ध | ० | ० |
| ५. | रूपक (संवाद) | १ | १ |
| ६. | जीवनी | ४ | ३ |
| ७. | चिठी | १ | १ |
| ८. | निवेदन | १ | १ |
| ९. | वादविवाद | १ | १ |
| | जम्मा | २२ | २० |

व्याख्या

हाम्रो नेपाली किताब कक्षा छमा कथा, कविता, प्रबन्ध, रूपक, जीवनी, चिठी, निवेदन र वादविवाद ८ ओटा विधामा २२ वटा पाठहरु रहेका छन् भने नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ मा ८ वटा विधाहरुमा २० वटा पाठहरु मात्र रहेका छन् । दुबै पाठ्यपुस्तकमा निबन्ध विधामा कुनै पाठहरु राखिएका छैनन् सबैमा प्रबन्ध मात्र लेखिएका छन् । तर हाम्रो नेपाली किताब कक्षा छमा हिमाल शीर्षकको प्रबन्ध भने निबन्धकै ढाँचा र शैलीको छ । अक्षरगत हिसाबले हाम्रो नेपाली किताब कक्षा ६ मा ७ देखि ७७ अक्षरसम्मका वाक्य संरचित छन् भने नेपाली भाषा पाठ्यपुस्तकक कक्षा ६ मा ११ देखि ८५ अक्षरसम्मका वाक्यहरु रहेका छन् । वाक्यगत हिसाबले दुबै पाठ्यपुस्तकमा ११ देखि ८८ र ७ देखि ९५ अक्षरसम्मका वाक्यहरु रहेका पाठहरु छन् । पाठ प्रस्तुतिको लम्बाइ, वाक्यभित्रका शब्दहरुको सङ्गठन र अनुच्छेदको संरचनागत हिसाबले हाम्रो नेपाली किताबभन्दा नेपाली भाषा पाठ्यपुस्तक उपयुक्त देखिन्छ भने हाम्रो नेपाली किताब कक्षा छमा भने केही असन्तुलन देखिन्छ ।

विधागत पाठहरुको रखाइक्रम हेर्दा हाम्रो नेपाली किताब कक्षा ६ मा सुरुमा कविता त्यसपछि ४, ५ र ७ वटा अन्य विधापछि कविता राखिएको छ, । जम्मा ४ वटा कविता विधागत रूपमा सुरुदेखि अन्त्यसम्म मिलाएर राखिएको छ भने वर्तमान नेपाली भाषापाठ्यपुस्तक कक्षा ६ मा पनि सुरुमा कविता राखिएको छ, त्यसपछि ५ र ७ को फरक विधामा अरु २ वटा कविता राखिएको छन् । अन्त्यमा कविता विधा राखिएको छैन रखाइक्रमका आधारमा हेर्दा हाम्रो नेपाली किताब कक्षा ६ मा विधागत रूपमा कविता विधालाई सुरुदेखि अन्त्यसम्म मिलाएर राखिएको देखिन्छ । नयाँ नेपाली किताब कक्षा ६ मा त्यसरी राखिएको पाइदैन । दुबै पाठ्यपुस्तकमा सुरुमा नै बालबालिकालाई रोचक लाग्ने कविता 'ईश्वर स्तुति' र 'गुरु' कविता राखिएका छन् । अन्य विधा वितरणमा भने दुबै पाठ्यपुस्तकमा समानता पाइन्छ ।

घ. भाषिक संरचना शैली र शब्दभण्डार

भाषिक संरचनाको हिसाबले हाम्रो नेपाली किताब कक्षा ६ मा जटिल मिश्र, संयुक्त वाक्यदेखि सरल वाक्यसम्मको संरचना भएको पाइन्छ । हरेक वाक्यमा ७ देखि २१ वटासम्म शब्दहरु समायोजन भएका वा वितरण भएका वाक्यहरु पाइन्छन् । वाक्यहरुमा सर्ग, समास र द्वित्व भएका शब्दहरु पनि रहेका छन् । त्यस्तै नेपाली किताब कक्षा ६ मा पनि ११ देखि २८ शब्दसम्मको वितरण गरिएको छ । यसमा पनि सर्ग, समास, द्वित्व भएका शब्दको वितरण गरिएको छ । तुलनात्मक रूपमा हाम्रो नेपाली किताब कक्षा ६ मा जटिल वाक्य संरचना भएको हिमाल जस्तो पाठ राखिएको छ भने नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ मा यस्ता भाषिक विचलन र जटिल संरचना भएका पाठहरु पाइदैनन् । हाम्रो नेपाली किताब कक्षा ६ मा वाक्यगत संरचना अन्तर्गत एउटा वाक्यमा कति वटासम्म शब्द वितरण गर्ने भन्ने कुराको एकरूपता पाइदैन । हाम्रो नेपाली किताब कक्षा ६ मा हिमाल शीर्षकमा प्रबन्ध र सारौं र कमिलो पाठमा, आलङ्कारिक एवम् बिम्बात्मक प्रस्तुति स्तरभन्दा जटिल देखिन्छ भने नयाँ नेपाली किताब कक्षा छमा यस्तो जटिल विम्बात्मक एवम् आलङ्कारिक शैली भएका पाठहरु प्रायः पाइदैन ।

कठिन शब्दहरुको शिक्षण गर्ने उद्देश्यलाई हेर्दा दुबै भाषा पाठ्यपुस्तकमा झण्डै उस्तै नै देखिन्छ । दुवैमा पाँचदेखि पच्चिसवटासम्म कठिन शब्दहरु भएका पाठहरु राखिएका छन् । तुलनात्मक रूपमा हाम्रो नेपाली किताबभन्दा वर्तमान नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा धेरै कठिन शब्दहरु लगभग ३१० जति कठिन शब्दहरुको शिक्षण गर्ने जमर्को गरिएको छ । पाठगत हिसाबले हेर्दा एउटा पाठमा सातदेखि अट्ठाइस वटासम्म कठिन शब्दहरु नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका छन् ।

ङ. नमूना अभ्यास

हाम्रो नेपाली किताब कक्षा ६ मा जम्मा १४५ पृष्ठ मध्ये ७५ भन्दा बढी पृष्ठमा अभ्यासहरु राखिएका छन् । यसरी हेर्दा यो भाषा पाठ्यपुस्तक अभ्यासमूलक देखिन्छ । नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा पनि जम्मा १४६ पृष्ठमा ७९ भन्दा बढी पृष्ठमा अभ्यासहरु राखिएका छन् । दुबै पाठ्यपुस्तकमा आधाभन्दा बढी पृष्ठहरु अभ्यासले ढाकिएको छ । हाम्रो नेपाली किताब कक्षा ६ मा संक्षिप्त उत्तर दिने, खाली ठाउँ भर्ने, बहुवैकल्पिक उत्तर दिने, वाक्यगठन गर्ने, कथा लेखन, शुद्ध पार्ने, जोडा मिलाउने, लयबोध, व्याकरण बोध र वर्णविन्यास सम्बन्धी अभ्यासहरु पाइन्छन् । त्यस्तै नेपाली भाषा पाठ्यपुस्तकमा पनि संक्षिप्त उत्तर दिने, बहुवैकल्पिक, खाली ठाउँ भर्ने, वाक्य गठन गर्ने, शब्दको अर्थ लेख्ने, भाव बोध र लय बोध वर्णविन्यास सम्बन्धी अभ्यासहरु राखिएकमा छन् । तुलनात्मक रूपमा हेर्दा नयाँ नेपाली किताब कक्षा ६ मा कार्यमूलक व्याकरण भनेर व्याकरणको छुट्टै अभ्यासहरु राखी व्याकरणको लिङ्ग, वचन, पुरुष, काल, नाम, सर्वनाम र शिवेषणको प्रभावकारी शिक्षण गर्ने र गराउने अभ्यासहरु राखिएका छन् । तर हाम्रो नेपाली किताब कक्षा छमा यसरी कार्यमूलक व्याकरणको छुट्टै अभ्यास राखेको पाइदैन । पुरानो नेपाली किताब कक्षा छमा उच्चारण र हिज्जे शिक्षण भनेर दिइएको छैन तर नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छमा उच्चारण र हिज्जे भनेर अभ्यास गरिएको छ । यसले सुनाइ, बोलाइ, पढाइ, लेखाइ, भाषाको चारैओटा सीपलाई प्राथमिकता दिइएको छ । दुबै भाषा पाठ्यपुस्तकमा पारिभाषिक, प्राविधिक शब्दको बोध गराउने अभ्यासहरु पनि राखिएका छन् ।

च. चित्रहरु

हाम्रो नेपाली किताब कक्षा ६ मा ३१ वटा जति चित्रहरु दिइएका छन् । नोपाली भाषा पाठ्यपुस्तक कक्षा ६ मा २२ वटा जति चित्रहरु समाविष्ट रहेका छन् । दुबै पाठ्यपुस्तकका कुनै पनि चित्रहरु रङ्गीन छैनन् । दुबै भाषा पाठ्यपुस्तकका चित्रहरु भाषा शिक्षणका लागि उपयोगी नै देखिन्छन् । तुलनात्मक रूपमा हाम्रो नेपाली किताबमा नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा भन्दा बढी नै चित्रहरु राखिएका छन् । यी दुबैमा केही चित्रहरु भने अस्पष्ट देखिन्छन् । हाम्रो नेपाली किताबको हिमाल, डुहुरे मुसा, वातावरणको रक्षा जस्ता पाठको चित्र स्पष्ट छैन भने नयाँ नेपाली भाषा पाठ्यपुस्तकको राष्ट्रिय विभूति, शङ्खधर साँख्वा, लुइपाश्चर, नदी, कविताको चित्र स्पष्ट छैन । तर पनि दुबै भाषा पाठ्यपुस्तकका चित्रहरुले भाषा शिक्षणमा विद्यार्थीहरुलाई रुचि बढाउने खालकै छन् । यसलाई रङ्गीन बनाउन सके अझ आकर्षक हुने देखिन्छ ।

छ. व्याकरण

नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ को व्याकरणगत अभ्यासहरुको अध्यन गर्दा कार्यमूलक व्याकरण भनेर व्याकरणको छुट्टै अभ्यासको अभ्यासमूलक व्यवस्था गरिएको छ । यसरी राखिएको कार्यमूलक व्याकरणमा विशेष गरी नाम, सर्वनाम, विशेषण आदि आगनात्मक विधिको प्रयोग गरी विद्यार्थीहरुमा प्रशस्त अभ्यास्त बनाउने खालका अभ्यासहरु राखिएका छन् । यद्यपि व्याकरणका प्रशस्त अभ्यासहरु पाइए पनि पृष्ठ ११० को 'वायुमण्डल प्रदूषण' शीर्षक पाठको कार्यमूलक व्याकरण शिक्षणको अभ्यासमा बढेको छ 'जस्तो ध्रुवसत्य वाक्यको दोहोरो अकरणको दृष्टान्त दिनुपर्नेमा वायुमण्डलमा प्रदूषण बढेको छैन' भन्ने उदाहरण दिएर विद्यार्थीमा अर्थको अनर्थ धारणा बस्न सक्ने देखिन्छ । समग्रमा यस्ता पक्षमा सुधार गर्दा आगामी संस्करणमा परिमार्जन गर्दै जाँदा यस भाषा पाठ्यपुस्तकको व्याकरणगत अभ्यास सकारात्मक नै देखिन्छ ।

## बाह्य आधारमा दुवै भाषा पाठ्यपुस्तकको तुलनात्मक विश्लेषण

आकारगत हिसाबले हाम्रो नेपाली कक्षा ६ र वर्तमान नेपाली भाषा पुस्तकमा खासै अन्तर छैन । दुईवटै भाषा पाठ्यपुस्तकको आकारलाई हेर्दा बालबालिकालाई सुहाँउदा बोक्न सजिला र हिँड्डुल गराउन सुविधाजनक नै छन् ।

दुबै पाठ्यपुस्तकको आवरण पृष्ठ पनि उस्तै नै छन् । दुवै आकर्षक र त्यति कलात्मक भने देखिदैनन् । दुबै भाषा पाठ्यपुस्तकको आवरण पृष्ठमा कलात्मक बालबालिकाको चित्र र हिमाल वा नेपालको चित्र राखेर आकर्षक बनाउनु पर्ने देखिन्छ । छपाइ र बधाँइका आधारमा हेर्दा दुबै भाषा पाठ्यपुस्तकहरुमा स्टेपल पिनको मात्र प्रयोग गरिएको छ र धागोको प्रयोग गरेर सिउने काम गरिएको छैन । दुईवटै पुस्तकको छपाइको मसी एकै प्रकारको छ । हाम्रो नेपाली किताबका अक्षरहरु धेरै छलिएका छन् तर वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा दुबै छेउमा केही बढी ठाउँ छोडिएको छ । दुबै पाठ्यपुस्तकका अक्षरको साइज एउटै छ । अन्त्यावरण पृष्ठमा भने कक्षा ६ को कक्षागत गीत हाम्रो नेपाली किताबमा भन्दा नयाँ नेपाली पाठ्यपुस्तकमा मधुरो र अस्पष्ट भएको छ । कागजको स्तरलाई हेर्दा पुरानो हाम्रो नेपाली किताबको भन्दा नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा प्रयोग भएको कागज अलिक चिल्लो सेतो गुणस्तरीय रहेको छ । दुबैमा पृष्ठ सङ्ख्या झण्डै बराबरी नै रहेको छ । तुलनात्मक रूपमा हाम्रो नेपाली किताबमा भन्दा नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा चित्रहरुमा सुधार गर्न खोजिएको देखिन्छ । तर शङ्खधर साँख्वा र लुइपाश्चरको चित्र भने केही मधुरो र अस्पष्ट देखिन्छ । दुबै भाषा पाठ्यपुस्तकमा बँधाइको क्रममा फेविकलको प्रयोग गरिएको पाइँदैन । दुबै भाषा पाठ्यपुस्तक नेपाल सरकार शिक्षा

मन्त्रालयबाट वितरण गरिने भएकाले मूल्य दिइएको छैन साथै शिक्षकलाई स्पष्ट निर्देशन/भूमिका दुबै भाषा पाठ्यपुस्तकमा दिइएको देखिँदैन ।

# अध्याय पाँच

# उपसंहार

## निष्कर्ष

*कक्षा छको नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको तुलना* शीर्षकको यस शोधपत्रमा विश्लेष्य पुस्तकहरुको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यस शोध कार्यमा भाषा पाठ्यपुस्तक अनुरूपताका आधारमा आन्तरिक र बाह्य रूपमा दुबै पाठ्यपुस्तकको तुलना गर्ने र पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा छको हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छका सबल र दुर्बल पक्ष पहिल्याउने उद्देश्य राखिएका छन् । प्रस्तुत शोधपत्रमा शोध परिचय, पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा, अनुसन्धान विधि, कक्षा छको हाम्रो नेपाली किताब र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छको तुलना तथा उपसंहार जस्ता अध्याय वा खण्डहरु रहेका छन् ।

यस अध्ययनबाट प्राप्त निष्कर्ष अनुसार *हाम्रो नेपाली किताब कक्षा छ*मा धेरै विषयवस्तुहरु बालबालिकाका लागि रोचक र आकर्षक रहेका देखिन्छन् । त्यस्तै *नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छ*मा पनि 'कलाको महत्त्व', 'मानिस नै देवता' जस्ता पाठहरु बालबालिकाको स्तरभन्दा अलि माथि देखिन्छन् तापनि लुइपाश्चरको जीवनी राष्ट्रिय विभूति शङ्खधर साँख्वा जस्ता पाठहरुले वैज्ञानिक र सांस्कृतिक पक्षलाई समेटेको छ । यसले विद्यार्थीहरुमा सकारात्मक धारणा बसाउन सघाउ पुऱ्याउने देखिन्छ ।

*हाम्रो नेपाली किताब कक्षा छ*भन्दा *नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छ*को विषयवस्तु सूचनामूलक, बौद्धिक र ज्ञानवर्धक रहेको छ । लैङ्गिक समानता, जातीय एकता, श्रमप्रति आस्था जगाउने र धार्मिक सहिष्णुतालाई आत्मसात गर्ने विषयका पर्याप्त पाठहरु दुईवटै पाठ्यपुस्तकमा रहेको देखिँदैन । दुबै पाठ्यपुस्तकमा बालोपयोगी विधाहरु कविता, कथा, रूपक, जीवनी र प्रबन्धलाई स्थान दिइएको छ । *नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छ*को पाठ १२ मा दिइएको गीतकार क्षेत्रप्रताप अधिकारीको स्वाभिमानी मुख शीर्षकको कविता बाल रोचकता भन्दा अलि बौद्धिक विषयवस्तु भएको देखिन्छ । दुईवटै भाषा पाठ्यपुस्तकमा सुरुमा कविता विधालाई ठाउँ दिइए पनि नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा तिनवटा मात्र कविता राखिनुले विधागत वितरणमा एकरूपता भएको देखिदैन ।

दुबै भाषा पाठ्यपुस्तकको बँधाइमा स्टेपल पिनको मात्र प्रयोग गरिएको छ भने धागोको प्रयोग गरिएको देखिँदैन । दुबै भाषा पाठ्यपुस्तकको आवरण पृष्ठ र अन्त्यावरण पृष्ठ रङगीन भएपनि त्यति आकर्षक भने देखिँदैन । तर अन्त्यावरण पृष्ठमा कक्षागत गीत राखिएकाले यसले केही मात्रामा बालबालिकालाई आकर्षण गर्ने देखिन्छ । वर्तमान नयाँ नेपाली भाषा पाठ्यपुस्तकको अन्त्यावरण पृष्ठमा राखिएको कक्षा छको कक्षागत गीत मसी लतपतिएर आधा जस्तो नबुझिने अवस्थामा रहेको छ । दुबै भाषा पाठ्यपुस्तकको प्रयोग भएको कागज तुलना गर्दा वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको कागजभन्दा हाम्रो नेपाली किताबमा प्रयोग भएको कागज बाक्लो, चिल्लो र बलियो रहेको छ । दुबै भाषा पाठ्यपुस्तक बालबालिकाले झोलामा हालेर बोकेर हिँड्न सक्ने रहेका छन् ।

दुबै भाषा पाठ्यपुस्तकमा आधाभन्दा बढी अभ्यासहरु रहेपनि तुलनात्मक रूपमा कार्यमूलक व्याकरण जस्ता व्याकरणको अभ्यासमूलक अभ्यासहरु राखेर *नयाँ भाषा पाठ्यपुस्तक कक्षा छ*लाई बढी वैज्ञानिक अभ्यासात्मक र व्यावहारिक बनाइएको छ । यसमा राष्ट्रिय विभूति शङ्खधर साँख्वाको जीवनीलाई राखेर सांस्कृतिक पक्षलाई समेटिएको छ भने वर्तमान सन्दर्भमा पनि सान्दर्भिक रहेको विश्वशान्तिका अग्रदूत महामानव भगवान् गौतम बुद्धको जीवनीलाई हटाइएको छ तर *हाम्रो नेपाली किताब कक्षा छ*मा बुद्धको जीवनीलाई स्थान दिइएको छ ।

*हाम्रो नेपाली किताब कक्षा छ*मा सकारात्मक पक्षका साथै केही नकारात्मक पक्षहरु पनि रहेका छन् । यसमा भएका कमी कमजोरीहरुलाई सुधार गर्दै जाने क्रममा *नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छ* आएको देखिन्छ । दुवै पुस्तकको अध्ययन विश्लेषण गर्दा पछिल्लो पुस्तकमा पाठ्यवस्तु छनौट र स्तरणमा ध्यान दिइएको पाइयो । यसमा विधागत प्रस्तुति उपयुक्त रहेको देखियो । यसमा पाठहरुको आकारमा ध्यान दिइएको पाइयो । यसमा कार्यमूलक व्याकरणको छुट्टै व्यवस्था गरिएको देखियो । यी कुराहरु यस पुस्तकका सकारात्मक पक्षहरु हुन् । यसो भएपनि यस पुस्तकमा लैङ्गिक समानता जनाउने र राष्ट्रिय एकता झल्काउँने खालका विधाहरु नहुनु जस्ता केही कमी देखिन्छन् ।

पढाइ र लेखाइ सीपको अभ्यासमा दुबै भाषा पाठ्यपुस्तकमा जोड दिइएको छ । हाम्रो नेपाली किताब कक्षा छको पाठ १५ मा राखिएको वातावरणको रक्षा पाठ वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा पनि सबै त्यही नै राखिएको छ । वर्तमान वातावरण प्रदूषण विश्वभर बढेको अवस्थामा यो पाठ सान्दर्भिक पनि देखिन्छ । बालबालिकालाई पाठको अवधारणा चित्रबाट सजिलै दिन सकिन्छ । यस सन्दर्भलाई हेर्दा हाम्रो नेपाली किताब कक्षा छमा सान्दर्भिक रूपमा बढ्दो

सहरीकरण, औद्योगीकरण र बोटबिरुवा विनाश गरिएका चित्रहरु दिइएको छ तर वर्तमान भाषा पाठ्यपुस्तकमा त्यस्ता चित्र राखिएको पाइँदैन । दुबै भाषा पाठ्यपुस्तकमा मूल्य राखिएको छैन । *हाम्रो नेपाली किताब कक्षा छ* पुस्तकमा प्रयोग भएको कागज केही मोटो र घिउ रङको छ । तर *नेपाली भाषा पाठ्यपुस्तक कक्षा छ*मा प्रयोग भएको कागज केही सेतो सफा भए पनि पातलो रहेको देखिन्छ ।

यसरी समय समयमा फेरबदल हुँदै समयसापेक्ष रूपमा पाठ्यसामग्री निर्माण र प्रयोग हुँदै आउँदा *हाम्रो नेपाली किताब कक्षा छ* र त्यसपछि *नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छ* को निर्माण भएको देखिन्छ । यी दुवै पाठ्यपुस्तकले नेपाली भाषामा बालबालिकाको ज्ञान अभिवृद्धि गर्ने गराउँने प्रयास भएकै पाइन्छ । यसै गरी विश्लेष्य यी दुई पुस्तकको तुलनात्मक अध्ययनबाट यिनमा भएका सकारात्मक वा आवश्यक सामग्रीलाई निरन्तरता दिँदै र अनुपयुक्त लागेका सामग्रीलाई हटाउँदै अझ उपयुक्त सामग्रीलाई समेट्तै पुनः समयानुकूल रूपमा परिमार्जन गर्दै लानुपर्ने निर्क्योलमा पुग्न सकिन्छ ।

## सुझाव

### पाठ्यपुस्तक निर्माण पक्ष

नेपाल सरकारको शिक्षा नीति अनुरूप सम्बन्धित निकायबाट समयसापेक्ष रूपमा तहगत तथा विषयगत आधारमा पाठ्यसामग्री स्वरूप निर्माण भएका हाम्रो नेपाली किताब कक्षा ६ र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ उपयोगी र आवश्यक सामग्री हुन् । यी दुवै पुस्तकका उपयोगी वा सकारात्मक पक्ष हुँदा हुँदै पनि केही कमीकमजोरी पनि देखिएका छन् । त्यसैले यहाँ सम्बन्धित पक्षलाई कमीकमजोरीको आवश्यक सुधारका लागि सुझावहरु दिन उपयुक्त भएकाले केही सुझावहरु दिइएको छ ।

### क. हाम्रो नेपाली किताब कक्षा छका लागि सुझावहरु

हाम्रो नेपाली किताब कक्षा ६ पुस्तकमा निहित सकारात्मक पक्ष र नकारात्मक पक्षहरुमध्ये यसमा भएका कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार गर्नुपर्ने देखिन्छ । यस्ता पक्षलाई आगामी संस्करणमा सुधार गर्नुपर्ने देखिएकाले यसलाई सुझावका रूपमा तलका बुँदाहरूमा प्रस्तुत गरिएको छ :

(१) कक्षा ६ का विद्यार्थीहरुलाई स्तर सुहाउँदो आधुनिक कथाकारको एउटा कथा समावेश गर्नुपर्ने,

(२) लोककथाको सङ्ख्या धेरै भएकाले बढीमा दुईवटा रोचक लोककथा मात्र राख्नुपर्ने,

(३) वर्तमान अवस्थामा लैङ्गिक समानता र श्रमशीलता जस्ता भावनाको विकास गर्ने खालको विषयवस्तु समावेश गर्नुपर्ने,

(४) भाषा शिक्षणको मूल मर्मलाई प्राप्त गर्न सहयोग पुग्ने भूमिका निर्देशनको प्रयोग गर्नुपर्ने,

(५) कार्यमूलक व्याकरणको छुट्टै अभ्यास राख्नुपर्ने,

(६) भाषिक सीप विकासका निम्ति थप अभ्यासहरु राख्नुपर्ने,

(७) प्राकृतिक प्रकोप सम्बन्धी धारणा दिने विषयवस्तुहरु राख्नुपर्ने,

(८) चित्रहरुलाई सकभर रङ्गीन र आकर्षक बनाउनुपर्ने,

(९) जटिल खालका संयुक्त र मिश्र वाक्यभन्दा सरल वाक्यको बढी प्रयोग गर्नुपर्ने,

(१०) मुखावरण पृष्ठ आकर्षक र रङ्गीन बनाउनुपर्ने,

(११) विधागत पाठहरुको छनौट एवम् स्तरणमा सचेतता अपनाउनु पर्ने ।

ख. नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छका लागि सुझावहरु

नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा ६ पुस्तकमा निहित सकारात्मक पक्ष र नकारात्मक पक्षहरुमध्ये यसमा भएका कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार गर्नुपर्ने देखिन्छ । यस्ता पक्षलाई आगामी संस्करणमा सुधार गर्नुपर्ने देखिएकाले यसलाई सुझावका रूपमा तलका बुँदाहरूमा प्रस्तुत गरिएको छ :

(१) कविता विधा थप्नुपर्ने,

(२) वर्तमान सन्दर्भमा बालबालिका मनमा जातीय तथा सांस्कृतिक एकता कायम गर्ने धारणात्मक सन्देश दिन सक्ने कविता राख्नुपर्ने,

(३) राष्ट्रकवि माधव घिमिरेको राष्ट्र निर्माता खण्डकाव्यको कवितांश हटाउन नहुने,

(४) महामानव गौतम बुद्धको जीवनी राख्नुपर्ने,

(५) लोक कथाको धेरै सङ्ख्या भएकाले ठूले र साने लोक कथा हटाएर आधुनिक कथाकारको महत्त्वपूर्ण सान्दर्भिक एउटा आधुनिक कथा राख्नुपर्ने,

(६) शिक्षक विद्यार्थीका लागि दिशाबोध हुने खालका भूमिका, निर्देशन आदि राख्नुपर्ने,

(७) मानिस नै देवता भन्ने अतिरञ्जात्मक र भ्रामक किंवदन्ती भएको लोककथा हटाएर बालबालिकालाई भूकम्प सम्बन्धी ज्ञान गराउँने र यसबाट बच्ने उपायहरुको धारणा दिन सक्ने प्रबन्ध राख्नुपर्ने,

(८) कठिन शब्दको अर्थ दिँदा, परिभाषीकरण गर्दा कुनै कुनै पाठमा मूल शब्दभन्दा कठिन

र लामा लामा भएकाले सरलताका लागि सचेतता अपनाउनु पर्ने,

(९) पाठ २० मा दिइएको 'वातावरणको रक्षा' शीर्षकको प्रबन्धमा वातावरण प्रदूषण सम्बन्धी आकर्षक रङ्गीन चित्र राख्नुपर्ने,

(१०) विधागत पाठ अनुरूप अभ्यासको तालमेल तर्फ ध्यान दिनुपर्ने,

(११) नयाँ गणतन्त्रात्मक नेपालको धारणात्मक ज्ञान दिने खालका पाठहरु राख्नुपर्ने,

(१२) लैङ्गिक समानता, धार्मिक सहिष्णुता, श्रमशीलता एवम् नैतिक र चारित्रिक गुण जस्ता पक्षलाई समेट्ने विषयवस्तुलाई स्थान दिनुपर्ने,

(१३) बँधाइमा स्टेपलर पिनको सट्टा धागोको प्रयोग गर्नुपर्ने,

(१४) मुखावरण पृष्ठमा रङ्गीन र दुई बालबालिकाले पढ्दै गरेको आकर्षक चित्र राख्नुपर्ने,

(१५) पाठ्यपुस्तकमा प्रयोग भएका कागजको गुणस्तरमा आगामी दिनमा ध्यान दिनुपर्ने,

(१६) चित्रहरु सफा र स्पष्ट छाप्नुपर्ने,

(१७) आधुनिक सञ्चार र विज्ञान प्रविधिको ज्ञान दिने खालका विधाहरु छनौट गर्नुपर्ने ।

यसरी समग्रमा दुईवटै पाठ्यपुस्तकको विस्तृत अध्ययन विश्लेषण र तुलना गर्दा दुबै पाठ्यपुस्तकमा धेरै राम्रा वा सबल पक्षहरु पाइन्छन् । यी दुवै पुस्तकमा केही दुर्बल पक्षहरु पनि भेटिन्छन् । तुलनात्मक रूपमा हेर्दा हाम्रो नेपाली किताब कक्षा ६ मा भन्दा वर्तमान नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा धेरै सबल पक्षहरु समेटिएका छन् । कार्यमूलक व्याकरणको प्रयोग, विधागत सचेतता, अभ्यासमूलक अभ्यासहरु यसका सकारात्मक पक्षहरु छन् तर पनि आधुनिक कथाको छनौट नहुनु, कविता विधा कम्ती हुनु, महामानव गौतमबुद्धको जीवनी हटाइनु वा उपयुक्त पाठहरु छनौटमा नपर्नु जस्ता यसका दुर्बल पक्षहरु पनि छन् । आगामी संस्करणमा विधागत विविधतामा सचेतता अपनाउँदै भूकम्पको परिचय जस्ता प्रबन्ध र महामानव गौतम बुद्धको जीवनी जस्ता पाठ्यवस्तुलाई पनि स्थान दिन र छपाइ बँधाइ तथा कागजको गुणस्तरमा पनि सचेतता अपनाउनका लागि सम्बन्धित पक्षलाई यस अध्ययनबाट सुझाव दिन सकिन्छ ।

## भावी अनुसन्धान पक्ष

आगामी दिनमा हाम्रो नेपाली किताब कक्षा ६ र नयाँ नेपाली भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन विश्लेषणबाट अन्य अनुसन्धाहरु पनि गर्न सकिने छ । यस अध्ययनबाट प्राप्त नतिजाको विश्लेषण गर्दा पाठ्यपुस्तक सम्बन्धी थप अध्ययन विश्लेषण गर्न यो अध्ययन आधार बन्नेछ । भाषा पाठ्यपुस्तक सम्बन्धी भविष्यमा अध्ययन गर्न चाहने शोधार्थीहरुले हाम्रो

नेपाली किताब कक्षा छ र नयाँ नेपाली भाषा पाठ्यपुस्तक कक्षा छका अभ्यासहरुको तुलना जस्ता शीर्षकमा केन्द्रित रही आगामी दिनमा शोध कर्ताले थप वा नयाँ अध्ययन अनुसन्धान, शोध गर्न सक्नेछन् ।

# सन्दर्भ ग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०५३), *नेपाली भाषा शिक्षण तेस्रो संशोधन,* काठमाण्डौ : कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०५३), *भाषा शिक्षण केही परिप्रेक्ष तथा पद्धति,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५६), *समसामयिक नेपाली व्याकरण,* काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५९), *सामाजिक र प्रयोगिक भाषा विज्ञान,* काठमाण्डौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा केदारप्रसाद (२०६५), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाण्डा : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य सर्वराज (२०५८), कक्षा १ र *कक्षा २ को सजिलो नेपालीमाला र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि. ।

कोइराला पुष्पा (२०५९), *कक्षा ६ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि. ।

कोइराला रूपक (२०६५), *कक्षा २ को सजिलो नेपालीमाला, नयाँ नेपाली श्रृङ्खला, हाम्रो नेपाली भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : .त्रि.वि. ।

खड्का यशोदा (२०६१), *कक्षा ८ को हाम्रो नेपाली किताब र सजिलो नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि. ।

खनाल, कमलराज (२०५९), *कक्षा ४ को मेरो नेपाली किताब र सजिलो नेपालीमालाको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : .त्रि.वि. ।

गौतम गेहनाथ (२०५७)), *कक्षा ५ को मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, ताहाचल : महेन्द्र रत्न क्याम्पस ।

गौतम देवीप्रसाद (२०४९), *नेपाली भाषा परिचय,* काठमाण्डौ : साझा प्रकाशन ।

घिमिरे प्रकाश (२०६०), *हाम्रो नेपाली किताब कक्षा ८ र सजिलो नेपालीमाला कक्षा ८ को तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, ताहाचल : महेन्द्र रत्न क्याम्पस ।

ढकाल, शान्तिप्रसाद (२०६५), *भाषा, पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाण्डौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशनल पब्लिकेशन ।

ढकाल, शान्तिप्रसाद (२०६८), *भाषा, पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाण्डौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशनल पब्लिकेशन ।

ढुङ्गेल, भोजराज र दाहाल दुर्गाप्रसाद (२०५७), *परिचयात्मक नेपाली भाषा शिक्षण,* काठमाण्डौं : एम.के.पब्लिकेशन एण्ड डिस्ट्रिब्यूटर्स ।

ढुङ्गेल, भोजराज र दाहाल दुर्गाप्रसाद (२०५७), *भाषा, पाठ्क्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाण्डौं : एम.के.पब्लिकेशन एण्ड डिस्ट्रिब्यूटर्स ।

थापा हिमांशु (२०५०), *साहित्य परिचय,* काठमाण्डौ : साझा प्रकाशन ।

दाहाल बल्लभमणि र अन्य (२०४३), *अनिवार्य नेपाली शिक्षण निर्देशन,* काठमाण्डौं : पा.वि.के.त्रि.वि.।

पाठ्यकम विकास केन्द्र (२०६८), *नि.मा.वि. शिक्षा पाठ्यक्रम* सानोठिमी भक्तपुर ।

पोखरेल बालकृष्ण र अन्य (सम्पा, २०५८), *नेपाली बृहत् शब्दकोश,* काठमाण्डौं : ने.रा.प्र.प्र.।

पौडेल नारायणप्रसाद (२०५९), *कक्षा २ को मेरो नेपाली किताब र सजिलो नेपालीमाला, तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर : त्रि.वि. ।

बन्धु चुडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

भण्डारी पारसमणि (२०५३), *अध्यापन अभ्यास परिचय,* काठमाण्डौ : एकता बुक्स प्रा.लि. ।

शर्मा केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६०), *नेपाली भाषा साहित्य शिक्षण,* काठमाडौं : ? ।

शर्मा मोहनराज र लुइटेल खगेन्द्र प्रसाद (२०६४) *हाम्रो नेपाली २ को तुलनात्मक अध्ययन,* काठमाण्डौं : पालुवा प्रकाशन प्रा.लि. ।

शर्मा मोहनराज र लुइटेल खगेन्द्र प्रसाद (२०६२), *शोधविधि* ललितपुर : पालुवा प्रकाशन प्रा.लि. ।

परिशिष्ट 'क'

तुलना गरिएको पाठ्यपुस्तकको आवरण पृष्ठ

६

# हाम्रो नेपाली

## कक्षा ६

नेपाली: कक्षा ६

## कक्षा ६ को कक्षागत गीत

देशको माटो रम्न सके रम्छ नेपाल
यही माटो गल्न सके (बन्छ विशाल-२)....२

पहरा छन् गुराँसका पिनै सेकबैसी
रमेका छन् ढाकि मुनाल हिमचुली देखी.....२

भृकुटी र सीता अफ आई टुल्न सक्छन्
जनक बुद्ध अफ अरु ज्ञान छर्न सक्छन्
देशको माटो ..........(बन्छ विशाल-२).....२

पाइला चाले शङ्करले यही माटोमा
मेची काली बहुल चाले यही धर्तीको बाटोमा

लागेको छ माटो रम्न देखी हामी सन्तति
यही माटोको माया गर्छन् कोटी आत्मा छन् जति

देशको माटो.................(बन्छ विशाल-२)....२

मूल्य रु.

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

परिशिष्ट "ख"

तुलना गरिएको पाठ्यपुस्तकको आवरण पृष्ठ

# कक्षा ६ को कक्षागत गीत

देशको माटो रम्न सके रम्छ नेपाल
यही माटो गल्न सके (बन्छ विशाल-२)....२

पहरा छन् गुराँसका बिनै लेकबेंसी
रमेका छन् डाँफे मुनाल हिमचुली देखी.....२

भृकुटी र सीता अझ आई डुल्न सक्छन्
जनक बुद्ध अझ अरु ज्ञान छर्न सक्छन्
देशको माटो ..........(बन्छ विशाल-२).....२

पाइला चाले शङ्करले यही माटोमा
मेची काली बग्न थाले यही धर्तीको बाटोमा

लागेको छ माटो रम्न देखी हामी सन्तति
यही माटोको माया गर्छन् कोटी आत्मा छन् जति

देशको माटो.................(बन्छ विशाल-२)....२

मूल्य रु.

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

नेपालीः कक्षा ६

६

# नेपाली

## कक्षा ६

आ